# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

महिनावारी भन्नाले महिलाहरूमा हुने एक प्राकृतिक जैविक प्रकृया बुझिन्छ जसले महिलापनको सुरुवातको सङ्केत गर्दछ र यसलाई मानव अस्तित्वसँग तुलना गरिन्छ । विडम्बना के छ भने विश्वका धेरै ठाउँमा यस महिनावारीलाई फरक समुदाय र फरक संस्कृतिका मानिसहरूले विभिन्न तरिकाले बुझ्ने गर्दछन् । त्यहाँ महिनावारी सम्बन्धी विश्वासहरू धर्म र संस्कृतिसँग जोडेर हेर्ने गरिन्छ जुन अन्यायपूर्ण हुन्छ । प्रायजसो विकसित मुलुकहरूमा महिलाहरू महिनावारीलाई आफ्नो निजी जीवनको भाग सम्झन्छन् र यसले उनीहरूको जीवनमा खासै असर गर्दैन । प्राय क्रिश्चियन महिलाहरू महिनावारी सम्बन्धी विश्वास र परम्पराहरू मान्दैनन् तर रसिया, युक्रियन र ग्रिसका केही चर्चहरूले महिनावारी का बेला महिलाहरूलाई अरु मानिसहरूसँग सम्बन्ध नजीक नगर्न सन्देश दिएको पाइन्छ । त्यस्तै मुस्लिमहरूको धर्म ग्रन्थ कुरानले महिलाहरूलाई शारीरिक सम्बन्ध राख्न महिनावारी का बेला रोक लगाएको छ भने आत्मीयता र सम्बन्ध विस्तारमा रोक लगाएको छैन । हिन्दू धर्ममा भने महिनावारीका बारेमा धेरै विविधता पाइन्छ र यसका बारेमा मानिसहरूमा मिश्रित धारणा पाइने गरिएको छ । बौद्ध धर्ममा महिनावारीलाई प्राकृतिक र शारीरिक प्रकृयाका रूपमा हेरिएको छ तर जापानका बौद्धिक महिलाहरूलाई यस महिनावारीका बेला पूजापाठमा समावेश गराईदैंन । त्यस्तै मध्य भारत तथा नेपालका केही भूभागमा महिनावारीको पहिलो चोटीको अवस्थालाई सकारात्मक नजरले हेर्ने गरिन्छ । दक्षिण भारतमा महिला पहिलो चाटी महिनावारी हुँदा खुसियालीका साथ उपहार आदानप्रदान गरी पर्वका रूपमा मनाइन्छ । यद्यपि केही धार्मिक तथा सांस्कृतिक परम्पराले महिलालाई आफ्नो घरपरिवारबाट अलग हुन बाध्य गर्दछ, यस महिनावारीका बेला जसलाई नेपालका केही भूभागमा छाउपडी प्रथा भनिन्छ ।

महिनावारी सम्बन्धी अन्धविश्वासहरू तथा अभ्यासहरू क्षेत्र, समुदाय गाउँ अनुसार फरक छन् जुन नेपालमा मात्र सिमित छैनन् (रिवाद, २०११) । पश्चिम विकशीत मूलुकका महिलाहरू यसबेला सबै कार्यमा संलग्न भएको पाइन्छ । तर हाम्रो देश नेपालमा

महिलाहरूको अवस्था ती देशका महिलाको तुलनामा उल्टो पाइन्छ । नेपालमा महिनावारीका बेला महिलालाई गरिने दुर्व्यवहार, असमानता तथा व्यवहार साधारण तथा पौराणिक अभ्यासका रूपमा हेर्ने गरिन्छ (मुजुलो, २०११) । महिनावारी सम्बन्धी सामाजिक-सांस्कृतिक प्रतिबन्धहरूले महिलाहरूको जीवन कष्ठकर तथा दयनीय बनाएको छ । मुख्यतया सामाजिक-सांस्कृतिक प्रतिबन्धहरू जस्तै भान्सा तथा पूजा कोठामा प्रवेशमा रोक, ऐनामा हेर्नमा रोक, पाहुनालाई सत्कार गर्न रोक, पूजाआजा गर्नमा निषेध तथा धार्मिक पुस्तकलाई छुन रोक जस्ता पर्दछन् । ताइवानका महिलाहरूले महिनावारीका बेला विशेष व्यवहार र चीजहरू जस्तै चिसो तथा काँचो खानेकुरा, व्यायाम र वाथरुम त्यागेका हुन्छन् आफ्नो महिनावारीको सरसफाई कायम राख्न र स्वस्थ रहन ।

दक्षिण एसियाका देशहरूमा विभिन्न प्रतिबन्धहरू महिनावारीका बेला पालना गरिन्छ । प्रतिबन्धहरू जस्तै खानेकुरा सम्बन्धी, धरायसी तथा समुदाय सम्बन्धी, विद्यालयमा पठनपाठन सम्बन्धी आदि इत्यादी महिनावारीका बेला महिला तथा किशोरीहरूमा लगाइन्छ । विभिन्न अनुसन्धानले महिनावारीका सरसफाई तथा यसका अभ्यासहरू एसिया तथा अफ्रिकी देशहरूमा दयनीय तथा नाजुक र यस अवधिमा उनीहरूको विद्यालय छुट्ने समस्या अत्याधिक रहेको देखाएको छ ।

हिमाली तथा भुपरीवेष्ठित देश नेपालमा महिनावारीलाई एक धार्मिक तथा सांस्कृतिक परम्पराका तथा पापको रूपमा हेरिन्छ । यस्तो बेला महिलालाई अछुत तथा अशुद्ध मानिन्छ । उनीहरूलाई घरायसी, सामाजिक र धार्मिक कार्य गर्नबाट बञ्चित गराइन्छ । महिनावारी भएका महिलाले छोएका हरेक वस्तुलाई अशुद्ध ठानिन्छ र त्यस्ता वस्तुहरूलाई अरुले बहिस्कार गर्ने गर्छन् । विशेषगरी त्यसबेला महिलाहरूलाई खास व्यक्ति जस्तैः पुजारी, ब्रतबन्ध गरेका पुरुष, घरपालुवा जनावरहरू, भान्साकोठाका सामान, पानीको स्रोत, आदि इत्यादीलाई छुन मनाही गरिएको हुन्छ । महिनावारीमा गरेका गल्तीहरूबाट मुक्त हुन हरेक वर्ष नेपालमा महिलाहरूले ऋषी पञ्चमी पर्व मनाई आफुलाई पापबाट मुक्त गर्दछन् ।

नेपालमा हरेक ठाउँमा महिनावारीको पालना गरेपनि सुदूर तथा मध्यपश्चिमाञ्चल क्षेत्रमा यस सम्बन्धी अन्धविश्वास तथा अभ्यासहरू व्यापक रूपमा पालना गरेको पाईन्छ । यी क्षेत्रमा महिनावारीका बेला उनीहरूलाई घरबाट अलग गराई एउटा छुट्टै गाईवस्तुको गोठमा बस्न वाध्य बनाइन्छ । सुदर पश्चिममा अछाम, बाजुरा, डोटी, डडेलधुरा, दार्चुला,

कञ्चनपुर, बजाङ र कैलाली त्यस्तै मध्यपश्चिमाञ्चलमा कालीकोट, जुम्ला, हुमला, मुगु, दैलेख, जाजरकोट र सुर्खेत जिल्लामा प्रचलित अभ्यासका रूपमा महिनावारीलाई छाउपडी प्रथाका रूपमा अभ्यास गरिन्छ । यी क्षेत्रमा त्यहाँका परिवारका सदस्य र त्यहाँका समाजले महिनावारीलाई एक प्राकृतिक जैविक तथा शारीरिक अभ्यासका रूपमा व्यवहार गर्दैनन् (अमगाई, २०११) ।

छाउपडी प्रथा भन्नाले महिनावारीका बेला महिलालाई घरायसी तथा सामाजिक कार्यबाट अलग गराई छुट्टै छाउगोठमा राख्ने बुझिन्छ । छाउपडी दुई शब्दले बनेका हुन्छ, छाउ भन्नाले गोठ बुझिन्छ भने पडी भन्नाले महिला बुझिन्छ । अस्थायी रूपमा महिलाले महिनावारीका बेला बस्ने कोठालाई छाउगोठ भनिन्छ । छाउगोठ सरसफाईको कमी, असुरक्षित र आधारभूत चिजको कमीका कारण निकै दयनिय बनेको छ । ब्रिटिश पत्रिका ‘द गार्जियन’ ले बनाएको एक सानो श्रव्यदृश्यमा नेपाली महिलाले छाउपडीका बेला भोग्ने समस्याका बारेमा देखाईएको छ । मुख्यतया यदि महिनावारीका बेला महिलालाई केही स्वास्थ्य सम्बन्धी समस्या आएमा उनीहरू महिनावारी नसकिने बेलासम्म त्यसलाई लिएर बस्न बाध्य हुन्छन् । रक्तअल्पता तथा कम तौल  छाउपडी प्रथा अपनाईएका नेपालका जिल्लामा अरु जिल्लामा भन्दा दुई गुणा बढी र त्यस क्षेत्रका बालबालिकाको स्वास्थ्य पनि नाजुक पाईएको छ, किभने बालबालिका पनि महिनावारीका बेला छाउपडी गोठमा बस्ने पाईएको छ (क्षेत्री र उप्रेती) ।

वैज्ञानिक हिसाबले हेर्ने हो भने महिनावारी महिलामा हुने सामान्य प्रकृया हो । निषेधित डिम्ब रोपणका लागि बाक्लो भई तयार भएको पाठेघरको भित्री तह गर्भधारणा नभएको स्थितिमा योनिमार्गबाट रगत आउनुलाई हामीहरू सामान्य रूपमा महिनावारी हुनु, नछुने हुनु, पर सर्नु, रजस्वला हुनु,  महिनावारी वा अंग्रेजीमा मेन्सुरेसन या मिन्स भन्दछौं । यो कुनै धार्मिक किम्बदन्ती तथा इन्द्रको शरापबाट हुने घटना नभई प्राकृतिक प्रकृयाबाट हुने एक प्राकृतिक जैविक तथा शारीरिक प्रकृया हो । यो कुनै लुकाउनुपर्ने, वा लाज मान्नुपर्ने अवस्था होइन । तर हाम्रो देशमा त्यस्ता पुरातात्विक, सांस्कृतिक र धार्मिक सोचका कारण हामी महिला सदियौं देखि विभेद, अपहेलना र उत्पिडनको सिकार भइरहेका छौं (सरगम, २०७३) ।

जब एक महिला पहिलो पटक महिनावारी हुन्छिन. त्यतिबेला उनलाई आफ्नो घरपरिवारबाट ११ देखि १५ दिनसम्म अलगै राखिन्छ । महिनावारीको समयमा एक परिपक्क नारी पाँच दिन

र विवाहित महिला चार दिन गोठ, घर वा छुट्टै कोठामा बस्नुपर्ने हुन्छ । महिनावारीको समयमा महिलालाई अशुद्ध मानिन्छ । यस्तो विश्वास कैयौं शताब्दी पहिला उत्पत्ती भएको मानिन्छ । जतिबेला देवी देउता महिनावारीका बेला परिवार आफन्तसँगै महिनावारी महिला बसे भने रिसाउने गर्थे । यस्ता धार्मिक विश्वासको कारण महिलाहरू गोठ, घरको छुट्टै कोठामा बस्न बाध्य हुन्छन् (शर्मा, २०११) । यस्तो परम्पराको निरन्तर अभ्यास हुनुको मुख्य कारण आम् सर्वसाधरण मानिसमा हुने यस्तो अन्धविश्वास पनि हो । प्राय मानिसहरू महिनावारीमा महिलाहरू अशुद्ध हुने विश्वास गर्छन् । यसैकारणले गर्दा महिनावारीको समयमा महिलाहरू दुषित तथा रोगको स्रोतका रूपमा हेरिन्छ । अरु परिवारका सदस्य तथा समाजमा रोग तथा संक्रमण नफैलियोस् भनेर महिनावारीको समयमा महिलाहरूलाई अलग गराइन्छ । महिनावारीको बेला यस्तै अन्धविश्वासले गर्दा गोठमा बस्न बाध्य बनाइन्छ । यस्ता गोठबाट महिलाहरूले महिनावारी सकिएपछि मात्र छुटकारा पाउदछन् । (रिबाद, २०११) महिनावारीका बेला महिलालाई आफ्नो नित्यकाम गर्न, दूध तथा दूधजन्य पदार्थ खान, फलफूलको बिरुवा छुन, धार्मिक व्यक्ति तथा पुरुषलाई छुन आदि इत्यादिबाट वञ्चित गराईन्छ । महिनावारीका बेला यदि महिलाहरूले फलफूलको बिरुवा छोएमा फल झर्ने, इनारबाट पानी झिकेमा इनार सुक्ने, गाईवस्तुको दूध दोएमा गाईवस्तुको थुनबाट रगत आउने, आदि जस्ता अन्धविश्वास गरिन्छ (रिबाद, २०११) ।

महिनावारी भएको महिलाले कसैलाई छुन पाउँदिनन् । यदि कसैले महिनावारी भएकी महिलालाई छोएमा उक्त व्यक्तिले नुहाउनुपर्छ अथवा सुनपानी हालेर चोखाउनुपर्छ । विशेषगरी गर्भवती महिला र पाकेको फललाई छुन अनुमति छैन किनभने यदि महिनावारी भएकी महिलाले गर्भवती महिलालाई छोएमा बच्चा खस्ने तथा पाकेको फललाई छोएमा उक्त फल कुहिएर जाने विश्वास गरिन्छ । महिनावारीका बेला महिलालाई सामाजिक तथा धार्मिक कार्यमा सहभागी हुन, न्यानो कपडा लगाउन र पौष्टिक आहार खानाबाट वञ्चित गाईन्छ तरपनि उनीहरूलाई घरबाहिरको काम जस्तैः खेतको काम, दाउरा बोक्न, कपडा धुन आदि इत्यादिमा भने सहभागी गराईन्छ (शर्मा, २०११) । यधि उनीहरूले यस्ता अभ्यास तथा प्रथाहरूको पालना गरेनन् भने उनीहरू तथा परिवारलाई र समग्र रूपमा समाजमा नकरात्मक असर पर्नेगर्छ । उनीहरू विरामी हुने वा उनीहरूमा बाँझोपनको समस्या देखा पर्ने अथवा मृत्यु नै हुने विश्वास गरिन्छ  र उनीहरू आफ्नो यौनको बेलामा भयानक हुने र

आफ्नो यौन साझेदारलाई समेत हानीनोक्सानी गरी आफ्नो सम्बन्ध विच्छेद हुनेसम्म विश्वास गर्दछन् (रिबाद, २०११)।

## १.२ समस्याको कथन

मुख्यतया महिनावारीका बेला महिलाहरूले भोग्नुपर्ने समस्या स्वास्थ्य सम्बन्धी समस्याहरू हुने गर्दछन्। स्वास्थ्य समस्या बाहेक उनीहरूले विभिन्न विभेद, अपहेलना तथा भेदभावहरूको पनि सामना गर्नुपर्दछ। नेपाली समाजमा महिनावारीको समयमा महिलाहरू भान्छा, मन्दिर तथा आफ्नो घरमा छिर्न नपाउने चलन चल्तीमा छ। उनीहरूलाई धार्मिक व्यक्ति जस्तैः पुजारी, ब्रतबन्ध गऱ्या पुरुषलाई छुन र आफ्नो घरको सीमाभित्र प्रवेश गर्न रोक लगाएको हुन्छ। महिनावारीका बेला महिलाहरू आफ्नै घरबाट अलग गोठमा वा छुट्टै कोठामा बस्नुपर्दछ। प्रत्येक महिना महिनावारीका बेला उनीहरू यसरी बस्न बाध्य हुन्छन् (अमगाई, २०११)। महिनावारीको समयमा महिलाहरूको खुल्ला तथा स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकारको हनन् भएको हुन्छ। किनभने यसबेला उनीहरूको स्वास्थ्य सुरक्षित जीवन बिताउने क्षमता सिमीत भएको हुन्छ र विद्यालय जाने तथा आफ्नो नियमित कार्य गर्न वञ्चित हुन्छन्। यसको अतिरिक्त यस्ता अभ्यासले नेपाली समाजलाई पुरुषप्रधान बनाउन थप मद्दत पुराउँछ र यस्ता अभ्यासहरूले हाम्रो नेपाली समाजमा अझैं निरन्तरता पाइरहेको छ।

परम्परा अनुसार महिनावारीका बेला महिलाहरूलाई विभिन्न खानेकुरा, फलफूल तथा दूध र दूधजन्य परिकार खान दिदैंन जसले गर्दा उनीहरूमा पौष्टिक आहाराको मात्र कमी हुने गर्छ। यस बेला किशोरीहरू स्कुल जादैनन् र उनीहरू आफ्नो दैनिक कार्यबाट वञ्चित हुने गर्छन्। उनीहरूले सामान्य धाराको पानी उपयोग गर्न पाउदैनन् भने तिर्खा मेटाउनका निम्ति टाढाको ईनार, खोला, धाराको प्रयोग गर्नपर्ने हुन्छ। नेपालको सुदूर र मध्य पश्चिमाञ्चल क्षेत्रका जिल्लाहरूमा महिनावारीको बेला छुट्टै धाराको प्रयोग गर्नुपर्छ र यसलाई छाउपडी धारा भनेर बुझिन्छ। यस्तो अन्धविश्वास र चार पाँच दिनसम्म घरबाट बाहिर एक्लै सानो कोठा वा गोठमा बस्नुपर्ने अवस्थाले महिलाहरूको जीवन निकैं कष्टकर र जोखिमपूर्ण रहेको छ। घरायसी काममा बाहेकका गाह्रो र संघर्षपूर्ण कार्य गर्न महिनावारीका बेला उनीहरू वाध्य हुन्छन्। उनीहरू खेत खन्ने, भारी बोक्ने, घाँसदाउरा काट्ने र खेतीपाती जस्ता गाह्रो काममा संलग्न हुनुपर्ने हुन्छ। यस्तो कारणले गर्दा उनीहरूको

स्वास्थ्यमा विभिन्न रोगहरूको संक्रमण पाईएको छ । उनीहरूमा प्रजनन् स्वास्थ्य समस्या जस्तैः ढाड दुख्ने, धेरै रगत बग्ने, तल्लो पेट दुख्ने समस्या देखा पर्दछन् । त्यस्तै कैयौं महिलाहरू नराम्रो बानीहरू जस्तैः धुम्रपान गर्ने, रक्सी खाने बानीको सिकार हुन्छन् । प्रजनन् अङ्गको संक्रमण सरसफाईको कमी, कम तौल पौष्टिक आहाराको कमी, पाठेघरको समस्या गाह्रो कामले गर्दा समस्याहरू महिनावारीमा देखिने गर्दछ । उनीहरूमा छाउगोठमा अत्याधिक चिसोको कारण निमोनिया, झाडापखाला, रक्तअल्पदा तथा स्वासप्रश्वास सम्बन्धी समस्याहरू देखा पर्दछन् (कुन्जु, २००३) ।

महिनावारीका कारण जबरजस्तीकरणी, बन्यजन्तुबाट मृत्यु हुने, सर्पको टोकाईबाट मृत्यु तथा चिसोको कारण मृत्यु हुने जस्ता घटनाहरू पनि भएका छन् । महिनावारीमा किशोरीहरू तथा महिलाहरूमा शारीरिक तथा मानसिक समस्याका असरहरू देखिन्छ । महिनावारीकै कारण किशोरीहरू एक्लिनुपर्ने बाध्यता सिर्जना भएको छ । उनीहरूले आफूलाई विभेद भएको महसुस गरी सो अवधीमा विद्यालयमा नआउने र कतिपयले यस बिचमा विद्यालय छाड्ने सम्म गरेका छन् । गोपनीयता भंग हुने र पुरुष साथीहरूले आफुलाई जिस्काउने डरले किशोरीहरू महिनावारीको बेलामा विद्यालय जाँदैनन् । कतिपयले विद्यालय छाड्ने गर्दछन् जसले गर्दा शैक्षिक विकासमा नकारात्मक प्रभाव पर्ने गरेको छ (खड्का, २०१८) ।

महिनावारीको सबैभन्दा कडा नियम भनेको उनीहरूले घामलाई हेर्न नमिल्ने, साथीभाईसँग बोल्ने, पुरुषसँग बोल्ने, गाईको दूध तथा दूधजन्य पदार्थ सेवन गर्न नपाउने र दैनिक काममा सहभागी हुन नपाउने हो । यदि यस्तो नगरेमा उनीहरूलाई समाजमा बहिष्कारसम्म गरिन्छ । जसले उनीहरूको स्वास्थ्यमा प्रतिकुल असर पर्ने तथा मृत्युसम्म हुनेगर्छ । धार्मिक विश्वास र परम्परागत उपचारकर्ता र घर परिवारले छाउपडी नियम पालना गर्न दबाव दिने गर्छन् । महिनावारी भएको समयमा भात, दूधजन्य पदार्थ, देवताका नाउँमा चढाएको प्रसाद आदि खानेकुरा खान नहुने खाएमा देवता रिसाउँने भन्ने मान्यताले र डरले पोषणयुक्त खानेकुरा अपुग हुँदा स्वास्थ्यमा प्रभाव पार्ने गर्दछ ।

महिनावारीले महिला तथा किशोरीहरूको सहभागिता र नेतृत्व विकासमा समेत असर पारेको छ । महिनावारीको अवस्थामा महिलाले टाढाको यात्रा गर्न पाउँदैनन् । आफु र अरुलाई सहज उनीहरूले कहिल्यै महसुस गर्दैनन् । छुट्टै बस्नुपर्ने, छुइने डरले छाउपडीले

सहकारी, बाल क्लब, महिला समूह, कृषि समूह आदिको कार्यक्रम र बैठकहरूमा पूर्ण रूपमा सहभागिता नै जनाउदैनन् (एक्सन वर्क नेपाल र बी ग्रुप, २०१८) ।

यो अध्ययनले महिलाहरूको महिनावारीको भोगाईको बारेमा सबै प्रकारको कृयाकलापहरू समावेश गरेको छ । जून महिलाहरूको सामाजिक मनोवैज्ञानिक कष्टहरू तथा दुखहरू महिनावारीमा व्याप्त छन् । साहित्य र छलफलको आधारमा म महिलाहरूको महिनावारीको व्यथाको खोजी कार्य गर्दछु । यस शोधकार्य मूलतः निम्न अनुसन्धनात्मक प्रश्नमा केन्द्रित भई लेखिएको छ । यस सोधकार्यसँग सम्बन्धित समस्याहरू निम्न  छन् ।

क) महिनावारीमा महिलालाई समाजले हेर्ने दृष्टिकोण कस्तो छ ?

ख) महिनावारीको समयमा सामाजिक क्रियाकलापमा यस क्षेत्रका महिलाहरूको सहभागिता कस्तो छ ?

ग) महिनावारीका बारेमा यस क्षेत्रका महिलाहरूको धारणा के छ ?

घ) महिलाले आफ्नो महिनावारीको भोगाईलाई कसरी बयान गर्दछन् ?

ङ) महिनावारीमा यस क्षेत्रका महिलाको समस्याहरू के के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अनुसन्धानले महिनावारी अभ्यास गर्ने महिलाहरूको अवस्था र समस्याको अध्ययन गरिएको छ । यसका विशिष्ट उद्देश्यहरू निम्न छन् :

क) महिनावारी सम्बन्धी ज्ञान र अभ्यासहरू पत्ता लगाउने ।

ख) महिनावारीको समयमा महिलाले भोग्नुपर्ने समस्याहरूको विश्लेषण गर्ने ।

ग) महिनावारीको बारेमा समाजको दृष्टीकोणबारे लेखाजोखा गर्ने ।

## १.४ अध्ययनको महत्व

महिलाको जीवनमा महिनावारी एक प्राकृतिक, जैविक र शारीरिक प्रकृया हो । यद्यपी यसका बारेमा खुलेर खासै चर्चापरिचर्चा गरिदैंन । महिनावारीमा महिलाहरूमा विभिन्न समस्याहरू आउने गर्दछ । नेपालको परिवेशमा महिनावारीलाई निकै गोपनीय रूपमा लिइन्छ । महिलाहरू महिनावारीका समस्याहरूका बारेमा बोल्न लाज तथा डर मान्ने

गर्छन् । त्यसैले शोधकर्ताहरू यस महिनावारी समस्याहरू र अभ्यासको बारेमा जान्न तत्पर हुने गर्छन् । यस अध्ययनले यस क्षेत्रका महिलाले सामाजिक तथा धार्मिक अन्धविश्वास तथा रुढीवादी परम्पराले गर्दा महिनावारीको बेलामा के-कस्ता समस्याहरू भोगिरहेका छन् भन्ने बारेमा अध्ययन गरी यसबारे जानकारी उपलब्ध गराएको छ । अध्ययन क्षेत्र नेपालको गण्डकी प्रदेश अन्तर्गत पोखरा महानगरपालिकाको वडा नं. १६ अवस्थिती घाँटीपाटन क्षेत्रका महिलाहरूको महिनावारीका समयमा भोग्ने समस्याहरूका बारेमा अध्ययन गरिएको छ । यस सम्बन्धमा यस क्षेत्रमा खासै अध्ययन भएको मैले पाएको छैन । यस बारेमा जान्ने चाहानेहरूको लागि यस अध्ययनले प्रशस्त मार्गको निर्देशन गर्नेछ । साथै यस क्षेत्रका महिलाहरूको समग्र विकासमा एउटा कोशेढुङ्गो सावित हुनेछ । यस बाहेक विभिन्न अनुसन्धानकर्ता, नीति निर्माता, योजना विदहरूलाई पनि यस अध्ययनले विशेष सहयोग पुऱ्याउने छ भने समाजशास्त्र विषयको अध्ययनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने आशा राखिएको छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि विषयको अध्ययन गर्दा सीमाहरू निर्धारण गर्नुपर्ने हुन्छ । विशेषगरी यो शैक्षिक अध्ययन भएको कारणले पनि यसका सीमाहरू हुन्छन् । समय र स्रोतको कारण पनि अध्ययन सीमित स्थान र समयमा सम्पन्न गर्नुपर्ने हुन्छ । यसरी सीमाहरूको निर्धारण गर्नुको कारण समय र आर्थिक पक्ष नै प्रमुख हो । त्यसैले यस अध्ययनमा पनि सीमित क्षेत्र र स्थानलाई छनोट गरिएको छ । यो अध्ययन खासगरी पृथ्वीनारायण क्याम्पस, पोखरा समाजशास्त्र तथा ग्रामीण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयबको स्नातकोत्तर तहको शोधपत्रको लागी मात्र तयार पार्न लागिएको हो । यस अध्ययनमा नेपालभरि छरिएर रहेका महिलाको महिनावारीको अवस्था र समस्याहरू उतार्न नसकिए पनि यसले गण्डकी प्रदेश अन्तर्गत पोखरा महानगरपालिकाको वडा नं. १६ लामाचौर अन्तर्गत पर्ने घाँटीपाटन क्षेत्रका बसोबास गर्ने महिलाहरूको महिनावारीकोा अवस्था र उनीहरूको समस्याहरूको साथै समाजले महिनावारीमा महिलालाई हेर्ने दृष्टिकोणलाई जस्ताको त्यस्तै उतार्न प्रयास गरेको छ । यो एउटा सानो क्षेत्रमा गरिएको अध्ययन भएकोले यसबाट प्राप्त परिणम तथा निष्कर्षहरू नेपालका सबै ठाउँमा सामान्यीकरणमा लागु नहुन पनि सक्छन् । यद्यपी यसबाट

प्राप्त सुचनाहरूले यससँग सम्बन्धित सबै पक्षलाई सहयोग भने अवस्य गर्नेछ । यस अध्ययनका सीमाहरू निम्न छन् :

क) यस शोध महिनावारी हुने किशोरी तथा महिलाहरू उमेरमा ९ देखि ४९ सम्मकोमा गरिएकोले उक्त समूहमा पनि सबैलाई समावेश नगरी १३२ जनालाई मात्र समावेश गरिएको छ ।

ख) यस वडा नं. १६ अन्तर्गत घाँटीपाटन क्षेत्रका महिलाहरूको मात्र अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रलाई मुख्यतया सात अध्यायमा विभाजन गरिएको छ । एक अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानका उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमालाई समावेश गरिएको छ । अध्याय दुईमा अवधारणाको पुनरावलोकन, सैद्धान्तिक पुनरावलोकन र पूर्व साहित्य समीक्षा साथै अवधारणात्मक ढाँचालाई पनि यसै अध्यायमा अध्ययनको औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषणलाई समेटिएको छ । यस अध्ययनको चार अध्यायमा अध्ययन क्षेत्रको सामान्य परिचय, उत्तरदाताको उमेर, शिक्षा, जातजाति, धर्म, वैवाहिक स्थिति, परिवारको मुख्य पेशा, परिवारको मासिक कुल आय, पेशा विवरणको चर्चा गरिएको छ । अध्याय पाँचमा महिनावारीसम्बन्धी ज्ञान र अभ्यासहरूको विश्लेषण गरिएको छ भने अध्याय छमा महिनावारीमा हुने समस्याहरूको विश्लेषण गरिएको छ । अध्याय सातमा सारांश, मुख्य प्राप्ति, निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्री, अनुसूची राखिएको छ ।

# अध्याय दुई

# साहित्य समिक्षा

कुनै पनि विषयमा अध्ययन-अनुसन्धान गर्दा सन्दर्भ सामाग्रीको अभावमा अनुसन्धान फितलो र कमजोर बन्न पुग्दछ । महिनावारीमा महिलाहरूको अवस्था र समस्याको सम्बन्धमा अध्ययन गर्न यस शोध कार्यमा पनि उपलब्ध भएसम्म विभिन्न विद्वानहरूको लेख, रचनाहरू प्रकाशन तथा यससँग सम्बन्धित पूर्व अध्ययनबाट तयार पारिएको सामाग्रीहरूलाई मुख्य आधार बनाइएको छ । खासमा महिनावारीमा महिलाहरूको अवस्था र समस्याहरूको सम्बन्धमा पर्याप्त मात्रामा अध्ययन अनुसन्धान भएको देखिदैन । त्यसैले यस अध्ययनमा महिनावारीको बेलामा महिलाहरूको समस्याहरूको सम्बन्धमा सकेसम्म प्रष्ट्याउने प्रयत्न गरिएको छ । यस शोधको अध्ययनको लागि महिलावादी सिद्धान्त, लैङ्गिक दमनको सिद्धान्त र पुरुषप्रधान सामन्ती नेपाली समाज र लैङ्गिक अवस्थाको प्रयोग गरिएको छ ।

## २.१ अवधारणाको पुनरावलोकन

महिनावारी मासिक रूपमा योनिको माध्यमबाट पाठेघरको भित्री तहबाट निस्कने रगतको निर्वहन हो । पहिलो पटक सामान्यतया बाह्र र पन्ध्र बिचमा हुन्छ । यद्यपी कोही कोही किशोरीमा आठ, नौं वर्षको उमेरमा नि पहिलोपटक महिनावारी सुरु हुने गर्छ जसलाई पनि सामान्य मानिन्छ महिनावारीका बेला महिलाहरूको अवस्था र उनीहरूले भोग्नुपर्ने समस्याहरूको बारेमा अध्ययन गर्दा ऐतिहासिक समयदेखि वर्तमान सम्म खासै फरक पाइएको छैन । २१ औं शताब्दीको आधुनिक समाजसम्म आइपुग्दा पनि महिनावारी अझैपनि रुढिवादी परम्परा र अन्धविश्वासले घेरिएको छ । महिनावारीमा महिलाहरूले भोग्नुपर्ने समस्याहरू निम्न प्रकारका छन् ।

### क) स्वास्थ्य समस्या

महिनावारीमा मुख्यतया महिलाले भोग्नुपर्ने समस्या भनेकै स्वास्थ्य समस्या हुनेगर्छ । यसबेला महिलाहरूले शारीरिक तथा मानसिक स्वास्थ्य समस्या अत्याधिक रूपमा भोग्नुपर्ने हुन्छ । शारीरिक समस्या जस्तैः तल्लो पेट दुख्ने, ढाड दुख्ने, धेरै रगत बग्ने तथा विभिन्न

रोगहरूको संक्रमण हुनेगर्छ । त्यसैगरी महिनावारीकै कारण किशोरीले एक्लिनुपर्ने बाध्यता सिर्जना भई आफुमाथि विभेद भएको महसुस गर्ने कारणले मानसिक रोग जस्तैः उदासीपन, झनक्क रिसाउने जस्ता समस्या देखा पर्ने गरेको छ । यसबेला आफ्नो सरसफाई र महिनावारी हुने बेलामा बस्ने कोठा तथा घरमा सरसफाईको अभावले बिरामी भएको पाइएको छ (किशोर किशोरीको लागि यौन तथा प्रजनन् स्वास्थ्य, २०६६) ।

### ख) शैक्षिक समस्या

महिनावारीका बेला कतिपय किशोरीहरू विद्यालय नजाने र यसैबिचमा विद्यालय छाड्नेसम्म गरेको पाइएको छ । गोपनियता भंग हुने र पुरुष साथीहरूले आफुलाई जिस्काउने डरले किशोरीहरू महिनावारीको अवस्थामा विद्यालय जाँदैनन् । विद्यालयमा चर्पी किशोरीमैत्री नहुनु तथा महिनावारी हुँदा विद्यालयमा शौचालयमा सेनटरी प्याडको अभाव हुनाले नि किशोरीहरू यसबेला विद्यालय जाँदैनन् (खड्का, २०१८) ।

### ग) धार्मिक समस्या

महिनावारीमा समाजले विभिन्न धार्मिक मूल्य, मान्यता तथा अन्धविश्वासहरूको पालना गरेको पाइन्छ । यस अवधिमा महिलालाई अछुत, अशुद्ध, तथा प्रदुषितको संज्ञा दिइएका कारण पूजापाठ तथा धार्मिक अनुष्ठानका कार्य गर्न प्रतिबन्ध लगाइएको हुन्छ । हाम्रो नेपाली समाजमा यस अवधीमा महिलालाई मन्दिरमा प्रवेश गर्न देखि लिएर प्रसाद ग्रहण गर्नसम्म निषेध गरिएको पाईन्छ (मुजुलो, २०११) ।

### घ) आर्थिक समस्या

आर्थिक समस्या हरेकमा देखापरेजस्तो महिनावारीमा पनि यसको प्रभाव देखिएको छ । परिवारको निम्न आय तथा गरिबीका कारण कतिपय महिला यस्तो बेला छाउगोठमा बस्न तथा सरसफाईलाई कायम राख्न पाउँदैनन् । यसले गर्दा उनीहरूमा प्रत्यक्ष नकरात्मक असर पर्ने गरेको छ (सरगम, २०७३) ।

### ङ) सामाजिक तथा सुरक्षाको समस्या

महिनावारीमा महिलाहरूलाई छुट्टिएर एक्लै बस्नुपर्ने भएकाले उनीहरू सहकारी, बाल क्लब, महिला समूह, कृषि समूह आदिका कार्यक्रम र बैठकहरूमा पूर्ण रूपमा सहभागिता नै जनाउँदैनन् । यस अवस्थामा उनीहरू परिवारबाट छुट्टिएर बस्नुपर्ने भएकाले उनीहरू

असुरक्षित हुने गर्छन् । जसका कारण उनीहरू जबरजस्तीकरणीको, जङ्गली जनावरको आक्रमण तथा सर्पहरूको टोकाईको शिकार हुनेगर्छन् (एक्सन वर्क नेपाल र बी ग्रुप, २०१८) । त्यस्तै महिनावारीका बेला किशोरीहरू तथा महिलाहरूको अवस्था निकै नाजुक तथा दर्दनाक पाइएको छ । यसबेला धार्मिक विश्वास र परम्परागत उपचारकर्ता र घरपरिवारको सदस्यले महिनावारीका नियम पालना गर्न दबाब दिने गर्दछन् । त्यस्तै मनोसामाजिक तथा मूल्य मान्यताको कारण न्युनत्तम आधराभूत मानव अधिकारको उपभोग गर्न महिनावारीमा महिलाहरूले पाउँदैनन् । यसले महिला तथा किशोरीको समाज विकास नेतृत्व र सहभागितामा अभाव गराउँदछ ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

### क) उदार महिलावाद

उदार महिलावादीहरूले महिलालाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान अवसरहरू प्रदान गर्न सकिएमा महिला प्रतिका गलत मान्यता र सामाजिकिकरणको प्रक्रियाबाट समाजलाई मुक्ति दिलाउन सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछ तर यिनीहरू पितृसतात्मक शक्ति सम्बन्धका बारेमा चर्चा गरेका छैनन् । यसैगरि उदार महिलावादी महिलालाई प्रजनन् अधिकारका सवालमा स्वतन्त्र अधिकार हुनुपर्नेमा जोड दिन्छन् । जबकी आफ्नो शरीरको प्रयोग गर्ने सम्बन्धमा पनि पुरुषको नियन्त्रण रहनुलाई निकै नकारात्मक रूपमा लिएका हुन्छन् (रिटजर, २००१) उदारवादी महिलावादीहरू महिलाप्रति पूर्वाग्रही सामाजिक, सांस्कृतिक र कानुनी रूपले स्थापित संस्थागत बन्धनहरूको उन्मूलन गर्ने कार्यमा संलग्न भएको देखिन्छ साथै विकल्पहरूमा उनीहरूले उपयुक्त कानुन निर्माण गर्ने कार्यान्वयन गर्ने कुरामा जोड दिन्छन् ।

### ख) मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पत्ति कार्लाकार्क्स र फ्रेडारिक उगेल्सको कृति (परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति, १८८४) लाई लिन सकिन्छ । मार्क्सवादीहरूले महिला र पुरुष बीच सिर्जित जतिपनि असमानता विभेद छन् । जुन जैविकीय कारण र ईश्वरीय कारणले भएको नभई समाजको आर्थिक सम्बन्धका उपज भएको बताउँछन् । यसमा Wilson, Jagger, Skibid, Walfy जस्ता विद्वानहरूको योगदान उल्लेखनीय रहेको छ । यिनीहरूको अनुसार उत्पादन प्रणालीको विकास तथा समाजमा सम्पत्तिमाथिको व्यक्तिगत

स्वामित्वको कारणले सदियौंदेखि समाजमा लैङ्गिक विभेदहरू सृजना भएका हुन् । समाजको वर्गिय चरित्र नै महिला विभेदको भूल कारक तत्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलावादको रहेको छ । मार्क्सवादले महिला र पुरुष  बीच रहेको असमान शक्ति सम्बन्धलाई जोड दिन्छ । यसैका आधारमा लैङ्गिक सम्बन्धको विकास र व्यवहारिक यथार्थतालाई जोड दिन सकिन्छ । यस खालको असमान शक्ति सम्बन्ध भनेको पुरुष शक्तिवान र महिला शक्तिहीन हुनु हो (आचार्य, २०६२) ।

## ग) समाजवादी महिलावाद

समाजवादी महिलावादले लैङ्गिक दमनलाई बुझ्न् सामाजिक कारक तत्वके खोजीलाई जोड दिदैं महिलाप्रतिका विभेद पुरुष र महिला स्वयंबाटै भएको ठान्दछ । जसका पछाडी पितृसत्तात्मक सामाजिक ढाँचाले निकै ठूलो भूमिका निर्वाह गर्न सक्छ । समाजवादी महिलावादलाई मार्क्सवादी तथा उदार महिलावादको संश्लेषणको रूपमा लिइन्छ । जसमा महिला स्वतन्त्रताका साथै वर्गीय आधारमा लैङ्गिक विभेदको अवस्थालाई उठाइएको छ । यस समाजवादी महिलावाद सम्प्रदायले समाजमा रहेका सबै प्रकारका अन्यायको खारेजीलाई जोड दिन्छ । जसमा बुर्जुवा परिवारको पुनसंरचना गरी घरायसी दासताबाट महिलाको मुक्तिलाई निकै महत्वका साथ उठाइएको छ । यिनीहरूले सबै प्रकारका विभेदको अन्त्यका लागि राज्य नियन्त्रित राजनैतिक अर्थ व्यवस्थाको आवश्यकता ठान्दछन् तर काममा व्यक्तिगत स्वतन्त्रलाई पनि त्यक्तिकै जोड दिएका छन् (रिटजर, १९९६) । समाजवादी महिलावादी व्याख्यामा समाजको यथार्थतामा बसेर लैङ्गिक भूमिका र अवस्थाका बारेमा प्रकाश पार्न खोजिएको छ । सम्पूर्ण सामाजिक व्यवस्थाभित्रको यथार्थ जटिलताभित्रै बसेर मात्र लैङ्गिक विश्लेषण गर्न सकेमा महिलाको यावत् पक्षका बारेमा वास्तविक बुझाइ हुन सक्छ भन्ने मान्यता रहेको छ ।

## घ) आमूल महिलावाद

आमूल महिलावादले समाजका प्रत्येक तहमा महिलाहरू शोषित देखिएका छन् । त्यसैले् सामाजिक, सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यानलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नु पर्ने तथ्यमा जोड दिन्छ । यो आमूल महिलावाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढि प्रंभावशाली बन्यो । यसले समाजको प्रत्येक जात, वर्ण, संरचना संस्थामा दमन, विभेद र असमानता रहे पनि लैङ्गिक विभेदको

जटिलतालाई जोड दिन्छ । यस्ता लैङ्गिक विभेदको महत्वपूर्ण कारकतत्व भने पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलावादीहरूको रहेको छ । यिनिहरूका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो परिवार हो जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यसै अनुरूपका सामाजिकिकरण तथा भूमिका हस्तान्तरण हुने गर्दछ (आचार्य, २०६२) ।

**ङ) पुरुष प्रधान सामन्ती नेपाली समाज र लैङ्गिक अवस्था**

नेपाली समाजमा पितृप्रधानता तथा सामन्ती प्रवृत्ति छ । जहाँ अधिकांश विशेष गरी हिन्दु परिवार र अन्य परिवारमा पनि महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरिन्छ । यसै अुनसारको व्यवहार गरिन्छ । पद, प्रतिष्ठा र अवसरबाट वञ्चित गरिएको छ । पुरुषोत्वको भावनाले महिलालाई कम मूल्याङ्कन गर्ने, घरायसी कार्यमा सिमित गर्ने तथा छोरा र छोरीलाई विभेदपूर्ण तरिकाले व्यवहार गर्ने भएका कारण समाजमा लैङ्गिक असन्तुलन बढेको छ । सामन्ती पुरुष प्रधान समाजमा महिलाको निर्णयाधिकार, स्वतन्त्रता, सम्पत्ति माथिको अधिकार, शिक्षा, अवसर तथा सामाजिक सांस्कृतिक संस्कारमा सहभागी हुने सवालमा विभेदहरू कायमै छन् । यसैले हाम्रो परम्परागत चिन्तन, मान्यताहरू र विभेदहरूलाई हटाउनु पर्ने सवाल महत्वपूर्ण बन्नु पर्दछ । यसका लागि राज्यका कानुन महत्वपूर्ण भए पनि सामाजिक चेतना, जागरण र संकल्प अरु बढी महत्वपूर्ण हुन्छ । कसैलाई जहाँकाहीँ महिला भएकै कारण विभेद गर्नु मात्र पाखण्डपन हो । यो समाजको अद्योगतिको संकेत हो (भासिन, २००३) ।

**च) मनोविश्लेषक महिलावाद**

मनोविश्लेषक महिलावाद सम्प्रदायले पनि अन्य लैङ्गिक सम्बन्धी व्याख्या जस्तै गरी विश्वव्यापी रूपमा नै महिलाको अवस्था पुरुषको तुलनामा कमजोर नै छ भन्ने ठान्दछ यस मनोविश्लेषक महिलावादले पितृसत्ता र त्यसमा निहीत सामाजिकीकरणको प्रक्रियाका बारेमा व्यवाख्या गर्न सिगमण्ड फ्रेड र उनका सहकर्मीहरूको व्याख्यावाई आधार बनाएको पाइन्छ । यद्यपि फ्रेडको व्याख्या लैङ्गिक विभेद हेर्ने सम्बन्धमा त्यती प्रष्ट छैन तर फ्रेडले व्याख्या गरेको मनोभाव, सोचाई तथा कुण्ठा र भावनाको पक्षलाई आधुनिक मनोविश्लेषक महिलावादहरूले अवलम्बन गर्न खोजेका छन् ।

मनोविश्लेषक महिलावादमा विश्वास राख्ने समस्त महिलाहरूका अनुसार पितृसत्ताको निरन्तरताका लागि महिलाहरू जति बढी सक्रिय र क्रियाशिल छन् त्यति नै बढी यसका विरुद्धको महिला जनमत तयार हुन हिच्किच्याई रहेको छ । मानसिक रूपमा नै महिलाहरू परिवार तथा समुदायमा पुरुषको तथा सामाजिक सांस्कृतिक र आर्थिक व्याख्या र दमनको प्रतिकार गर्दैनन् । यसरी प्रतिकार नगर्नुमा मनोविश्लेषक महिलावादीहरूले व्यक्तिमा रहने मृत्युको भय र सामाजिक संवेगात्मक वातावरणलाई ठान्दछन् । महिलावादी विश्लेषकका अनसार पुरुषहरूमा रहेको मृत्युप्रतिको भयले उसले समाजमा आफू अनुकुल संयन्त्र निर्माण गरी आफू सुरक्षित हुन्छ । यसै क्रममा उसले महिलालाई पनि आफ्नो सहयोगी वस्तुका रूपमा परिभाषा गरी व्यवहारहरू गर्दछ । यसरी पुरुषहरूमा हुने मृत्युप्रतिको डरले उनीहरू झन् शक्तिशाली बन्न गए । यस क्रममा सामाजिक संरचना र मान्यताका कारण महिलाहरू पुरुषको विद्रोहमा उत्रन सकेनन् वा चाहेनन् । जसका पछाडी मनोवैज्ञानिक कारण जिम्मेवार रहन्छ । यसरी पुरुषले आफ्नो सुनिश्चित् भविष्यका लागि निर्माण गरेका सामाजिक सांस्कृतिक संस्थाहरू नै महिलालाई नियन्त्रण गर्ने माध्यम बन्न सक्दछन् ।

## २.३ पूर्व साहित्यको समिक्षा

महिलाहरूको जैविक संरचनाको कारण निश्चित उमेर समूह विच प्राकृतिक रूपमा हुने महिनावारी हो । यस अवस्थामा पहिला महिनावारी (रजस्वला) हुने बालिकाले ११–१५ दिन सम्म, अरु केटीहरूले ५ दिनसम्म र विवाहिता महिलाले ४ दिन सम्म अलग छुट्टै कोठा वा गोठमा बस्नुपर्ने हुन्छ । यस समयमा सार्वजनिक स्थान (धारो, बाटो, विद्यालय, मन्दिर आदि) प्रयोग गर्न नपाउने साथै पोषणयुक्त खानेकुरा (दूध, दही, घ्यू, आदि) खान नहुने मान्यता रहेको पाइन्छ । शारीरिक रूपमा कमजोर रहने यस अवस्थामा पौष्टिक पदार्थको सेवनबाट समेत बञ्चित रहनु पर्ने प्रचलनले महिलाहरूको स्वास्थ्यमा झन गम्भीर असर पुऱ्याएको छ । त्यसमाथि घर भित्रको आन्तरिक काम गर्न नहुने भएकाले घर बाहिरको कामको थप बोझ समेत थपिदा समस्या झन जटिल बनाएको छ ।

उक्त भेदभावपूर्ण व्यवहारको अन्त्यको लागि मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १६८ मा कसुर जन्य कार्यहरू अन्तर्गत सामाजिक बहिष्कार गर्ने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्नेलाई ५ वर्षसम्म कैद र ५० हजार जरिवाना हुने व्यवस्था गरिएको छ । त्यस्तै महिलाको महिनावारी वा सुत्केरीको अवस्थामा छाउपडीमा

राखेर वा नराखेर गरिने कुनै पनि किसिमका भेदभाव, छुवाछुत वा अमानविय ठानिने व्यवस्था रहेको छ भने ३ महिनासम्म कैद वा ३ हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ (छाउपडी प्रथा उन्मूलन गर्न बनेको निर्देशिका, २०६४)। कर्णाली जिल्लामा छाउपडीका विषयमा काम गर्दै आएको एक्सन् वर्क नेपाल (एवन) र बी ग्रुपले गरेको एक अध्ययन अनुसार कर्णालीमा महिनावारीमा महिलाको अवस्था भयावह रहेको छ। उक्त अध्ययन अनुसार कर्णालीमा ६ देखि १२ कक्षाका ७७ प्रतिशत किशोरी छाउगोठ बस्दै आएको तथ्याङ्कमा उल्लेखित छ। जसमध्ये महिनावारी भएको अवस्थामा २८ प्रतिशत किशोरीहरू विद्यालय जादैनन्। पढ्दै गरेका किशोरीहरूको अवस्था अझै पनि जस्ताको त्यस्तै रहेको छ। त्यसैले ४८ प्रतिशत किशोरीहरू रजश्वला बेला सामाजिक समारोह वा भेलामा सहभागिता जनाउन सकिरहेका छैनन्। त्यसैगरी ७७.२ प्रतिशत किशोरी तथा महिला महिनावारी भएको समयमा घरभित्र पस्दैनन् भने ९१ प्रतिशत जना भान्सा कोठामा, ७१ प्रतिशत किशोरी र महिलाले महिनावारी भएको समयमा असुरक्षित महसुस गर्ने गरेका छन् भने, ५३ प्रतिशत किशोरी र महिलाहरू धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा सहभागी जनाउँदैनन्। महिनावारीको अवस्थामा ३७.६ प्रतिशत महिला तथा किशोरी नियमीत रूपमा सबैले प्रयोग गर्ने शौचालयमा प्रयोग गर्दैनन् भने ८५.५ प्रतिशत दूध तथा दुग्ध पदार्थबाट बनेका खानेकुरा खाँदैनन्।

एक वर्णानात्मक क्रस ऐक्शनल अध्ययन शिर्षक अन्तर्गत सरसफाई, स्वास्थ्य समस्या र सामाजिक सांस्कृतिक प्रथाहरू "किशोरीहरूले महिनावारीमा के गर्दछन् ?" मा १६६ जना भन्दा बढी विद्यायलयमा अध्ययनरत ११–१९ वर्ष उमेरका कैलालीका ५ विभिन्न सरकारी विद्यालयका किशोरीहरूलाई आफैले बनाएको तथा प्रयोग गरिएका प्रश्नवालीले निम्न तथ्य पाइएको छ। तथ्याङ्क अनुसार सामान्यतया पहिलोचोटी महिनावारी हुने अवस्था उमेर १२.९४ रहेको छ भने एक चौथायी बढी किशोरीले महिनावारीका बारेमा महिनावारी हुनु पहिलानै आफ्नो साथीहरू र आमाबाट यसबारे थाहा पाउने गरेका छन्। करिब ५% उत्तरदाताले यो भगवानको सराप, रोग र पापका रूपमा लिएका थिए। त्यस्तै महिनावारीमा देखिने प्रमुख समस्या स्वास्थ्य समस्या देखिएको र स्वास्थ्यमा पनि पेट बेसरी दुख्ने समस्या प्रमुख रहेको छ (हमाल र के.सी., २०१४)।

आफ्नो पुस्तकमा हिन्दू पितृप्रधान समाजमा नेपाली उच्च जातका महिलाहरूको सामाजिक र प्रतिकात्मक भुमिकाम पत्ता लागउने उद्देश्य राखेको देखिन्छ। कार्य क्षेत्र

अध्ययन विशेषगरी सहभागी अवलोकन र अर्न्तवार्ताको आधारमा यस शोधपत्र तयार पारिएको छ । समाजले महिलालाई दिइएको विभेदपूर्ण र शोषणका बारेमा चर्चा गरिएको छ । जून लैङ्गिक विश्लेषणको ढाँचामा केन्द्रित छ । हिन्दू धार्मिक विश्वास, परम्परा तथा संस्कारहरूमा नारीकोटहरूको संलग्नता, विश्वास र व्यवहारका बारेमा यहाँ चर्चा गरिएको छ जहाँका सबै व्यवहारहरू धर्मबाट निर्देशित छन् । यसैगरी शुद्धता र अशुद्धताको बारेमा चर्चा गर्दै खाना पकाउने ठाउँ र खाने व्यक्ति तथा दान दिने सम्बन्धित व्यक्तिका बारेमा चर्चा गरिएको छ जसमा शुद्धताका लागि कपडा फेरेर खाना पकाउने, खाने, खाना खाने व्यक्तिमा स्तरण गर्ने जस्ता अवस्था देखाईएको छ । गाई, गाईबाट प्राप्त दूध, दही, गहुँत गोबर सबैलाई शुद्धताको प्रतिक मानिएको छ । यसैगरी महिलाको रजस्वला हुँदा हुने जुठो र चोख्याउन गरिने विधिका बारेमा प्रकाश पारिएको छ । यसरी यस अध्ययनमा समाजले महिलालाई तल्लो दर्जामा राखेको देखाइएको छ । पितृ प्रधान समाजमा हुने विभेदहरू जस्तैः नयाँ बच्चाको जन्ममा बाबुकै थर गोत्र राख्ने, बच्चा जन्माउँदा र मनिावारी हुँदा शुद्ध र अशुद्धताको भावना विकास गरिने, धार्मिक उत्सवमा महिला सक्रिय सहभागि हुन नपाउने जस्ता वन्देजहरू लगाइएको देखाइएको यस अध्ययनमा उल्लेख छ । महिलाले महिलालाई (सासुले बुहारीलाई) गर्ने नकारात्मक र शोषणयुक्त व्यवहारका बारेमा उल्लेख गरेको पाइन्छ । महिनावारीको रगतलाई दुषित रूपमा हेरिने परम्पराको बारेमा चर्चा गरिएको छ । घर परिवार तथा छिमेकी सबैले दर्शाउने त्यसप्रतिको कट्टर व्यवहारका बारेमा चर्चा गर्दै त्यसबेला महिलालाई अछुत सरह तल्लो दर्जामा राखिने तथ्य उक्त पुस्तकमा देखाइएको छ (वेनिट, १९८३) ।

नेपालका महिलाहरूको विरुद्ध हिंसा एक अवलोकनमा व्याख्या गरेका छन् । ऐतिहासिक रूपमा महिला र बालिका बिरुद्ध हिंसा नेपाली समाजमा व्यापक रूपमा अस्तित्वमा छन् तर पनि यो समस्या नेपालमा अझै अपरिचित छन् । महिलाहरू बिरुद्धको हिंसा खुल्ला रूपमा छलफल र सम्बोधन गरिएको करिब बल्ल विगतको दशकमा मात्र होला । महिलाहरूलाई हेर्ने दृष्टिकोणमा महत्वपूर्ण परिवर्तन बाल-बच्चा हेर्ने र स्याहार्ने विगत ६०/७० का दशकबाट बिस्तारै ग्रामीण अर्थतन्त्रमा विगत ८० दशकमा उनीहरूको महत्वपूर्ण उत्पादक चर्चा हुँदै ९० दशकमा समान कानुनी र राजनीतिक हकको विकास भएको छ । महिलाहरू विरुद्ध हिंसामा व्यापक सावधानीपूर्वक दस्तावेज पेश गरिएको अनुसन्धान बिना यो भन्न असम्भव छ कि कुन देशका महिलाहरू अरु देशका महिला बढी

हिंसाको सामना गर्न बाध्य छन् वा प्राय हिंसाको दायरा तुलना गर्ने र यसको भविष्य निर्मूल गर्न र यसको प्रभावकारीता तुलना गर्न कठिनाई छ । त्यस्तै महिनावारीमा हुने महिलाविरुद्धको हिंसाको एकिन तथ्य तथा एक अर्को देश समुदायमा यसका समस्या र असरको तुलना गर्न निकै कठिन र संघर्षपूर्ण हुने गर्छ (जोशी र खरेल, २००८) ।

विभिन्न अनुसन्धानात्मक लेख, रचना तथा शोधले महिनावारीमा महिलाले विभिन्न समस्याहरू भोग्ने गरेको देखाउछ र यस्तो बेला उनीहरूको अवस्था दयनीय, भेदभावपूर्ण तथा गम्भीर अवस्था हुने गरेको देखाएको । मूख्यतया यी अध्ययनले महिनावारीमा मुख्य स्वास्थ्य समस्या देखिने, उनीहरू शैक्षिक तथा सामाजिक कार्य र सहभागिताबाट वञ्चित हुनुपर्ने, आफ्नै समाज तथा परिवारबाट यसबेला हिंसाको शिकार तथा असुरक्षित रहेको देखाउने गरेका छन् ।


माथिका अध्ययनबाट महिनावारीका समस्या र अवस्थाबारे खासै अध्ययन गरिएको देखिएको छैन । मेरो शोधले क्षेत्रिय तह र स्थानिय तहको दुरी कमी गर्ने छ । स्थानिय तहमा यी समस्याहरू सधैं उपेक्षित र नजरअन्दाज गरिएको हुन्छ । त्यसैले मेरो अध्ययनले महिनावारीको समस्याहरू र यसमा महिलाको अवस्थाले स्थानीय महिला र किशोरीको प्रतिनिधी गर्ने हुँदा मैले यस अध्ययनलाई महत्व दिइएको हुँ ।

## २.४ अवधारणात्मक खाका

निम्न अवधारणात्मक खाकाले महिलाले महिनावारीमा भोग्नुपर्ने समस्या र उनीहरूको अवस्थाको प्रतिनिधित्व गर्दछ । जसले महिनावारीका प्रकृया र त्यस सम्बन्धी महिलाहरूको अवस्था तथा उनीहरूको समस्याको (स्थानीय तहमा) वर्णन गर्दछ । यसले गण्डकी प्रदेश अन्तर्गत पोखरा महानगरपालिका अन्तर्गत पर्ने घाँटीपाटन क्षेत्रमा गरिएको अध्ययन र यसका नतिजाहरूलाई व्याख्या गर्न थप मद्दत पुऱ्याउँछ । यस अध्ययनको अवधारणात्मक खाका तल दिइएको छ ।

चित्र २.१

अवधारणात्मक खाका



चित्र २.१ मा सामाजिक समस्यालाई देखाउँछ, जुन महिनावारीमा देखिएको छ । महिनावारीमा विभिन्न मूल्य र मान्यताको अनुसरण महिलाहरूले गर्नुपर्दछ । महिनावारीमा सबैबाट टाढा बस्नुपर्ने, गाह्रो काममा व्यस्त हुनुपर्ने, सानो आवाजमा बोल्नु पर्ने र विभिन्न समस्याहरू महिलाले भोग्नुपर्ने हुन्छ । परिवार तथा समाजबाट अछुत तथा हिंसाको शिकार हुनुपर्ने । यसले व्यक्तिगत तथा सामाजिक रूपमा असर पार्दछ । महिनावारीले व्यक्तिगत स्वास्थ्यमा समस्या पार्दछ । स्वास्थ्य समस्या शारीरिक तथा मानसिक रूपमा विभाजित गर्न सकिन्छ । स्वास्थ्य बाहेक अन्य समस्याहरू जस्तैः शैक्षिक, धार्मिक सुरक्षा तथा आर्थिक छन् । यी सबै समस्याका कारण महिलाले महिनावारीमा दुःख कष्ठ भोग्दछन् यो खाकाबाट देखाउने कोशिष गरेको छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

महिनावारीका विषयमा केही मात्र अनुसन्धान, अध्ययन तथा शोधहरू भएका छन् । महिलाहरूले महिनावारीमा विभिन्न समस्याहरू उनीहरूको धर्मसंस्कृति, अशिक्षा, भेदभाव, पुरुषप्रधान सोच र मान्यताले भोग्नुपरेको छ । यसले प्रत्यक्ष महिलालाई विभिन्न असर पार्नुको साथै उनीहरूको विकासमा पनि नकारात्मक असर पारेको छ । यस्तो समस्याले उनीहरूको महिनावारीको समयमा दर्दनाक र भयानक भएको पाइन्छ । महिनावारीमा महिलाहरूको अवस्था र समस्याहरूको बारेमा अध्ययन गर्नका लागि हृदयदेखि नै इच्छा भएकाले यो अध्ययनको लागि गण्डकी प्रदेश अन्तर्गत पोखरा महानगरपालिकाको वडा नं. १६ लामाचौर अन्तर्गत पर्ने घाँटीपाटन क्षेत्रका महिलाहरूको महिनावारीका समयमा भोगिने समस्याका बारेमा अध्ययन गरिएको छ । यस सम्बन्धमा यस क्षेत्रमा खासै अध्ययन नभएको कारणले यस क्षेत्रलाई लिइएको छ । यस क्षेत्रमा विकासका पूर्वधारहरू अभाव नभएको तथा महिला, किशोरीहरू शिक्षित भएपनि महिनावारीमा उनीहरूले भोग्नुपर्ने विभिन्न समस्याहरू यथावत रहेको र अवस्था पनि त्यति राम्रो नभएका कारण यो अध्ययनका लागि यो क्षेत्र औचित्यपूर्ण छ । यस क्षेत्र स्थानिय तहमा भएको कारण यस क्षेत्रबाट प्राप्त अनुसन्धानको नतिजालाई सामान्यिकरण गर्न सहज र तर्कपूर्ण पनि हुनेछ । महिला विकास सम्बन्धी विभिन्न नितिनियम र योजना बनाउन सम्बन्धीत निकायहरूलाई सहयोग पुऱ्याउनेछ ।

## ३.२ अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धानमा महिनावारीको  बेलामा महिलाहरूले भोग्नुपर्ने समस्याहरू र उनीहरूको अवस्थाका बारेमा गरिएको अध्ययन भएका कारण उक्त घटनाको प्रकृति हेरेर अनुसन्धानको विधि छनोट गरिएको छ । यस अनुसन्धानमा वर्णानात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचाभित्र महिनावारीका बेलामा महिलाको अवस्था र उनीहरूले भोगेका समस्याहरूको मूल्याङ्कन र पहिचान गरिएको छ ।

## ३.३ तथ्यात्तको प्रकृति र स्रोतहरू

यस अध्ययनमा प्राथमिक र द्वितीय खालका दुबै श्रोतहरू प्रयोग गरी तथ्याङ्क तथा सूचानाहरू संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत स्थलगत निरिक्षण गरी अनुसूचिको आधारमा निर्मित प्रश्नावलीको प्रयोगद्वारा प्रत्यक्ष अन्तरवार्तामा सहभागी अवलोकन र सर्वेक्षणद्वारा तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै द्वितीय स्रोतका लागि स्वदेशी तथा विदेशी विद्वान, समाजशास्त्री तथा मानवशास्त्रीद्वारा प्रकाशित पुस्तक, लेखरचनाहरू, जर्नल, पत्रपत्रिकाको लेख, रिपोर्ट, पुस्तकहरू र इन्टरनेट साइटहरूको सहयोग लिइएको छ । यस अध्ययनमा गुणत्मक र संख्यात्मक दुबैलाई प्राथमिकता साथ प्रयोग गरिएको छ ।

## ३.४ समग्रता र नमूना छनौट

अध्ययन क्षेत्र गण्डकी प्रदेश अन्तर्गत पर्ने वडा नं. १६ लामाचौर अवस्थीत घाँटीपाटन क्षेत्रलाई लिइएको छ । यस अध्ययनमा ९ देखि ४९ वर्षका महिनावारी हुने उमेर समूहका महिलाहरूलाई मात्र सिमीत गरिएकोले यसको समग्रता पनि सम्बन्धित सामाजिक तथ्याङ्कमा सिमीत रहनेछ । यस घाँटीपाटन क्षेत्रका कुल १२० घरधुरीमा ५३० महिलाहरू रहेका छन् । यो समग्र महिलाको जनसङ्ख्या मध्ये महिनावारी हुने महिलाहरू तथा किशोरीहरूको जनसङख्या ९ देखि ४९ वर्ष उमेर समूहमा ३२० मात्र पाइएको छ । यसमा समग्रबाट केही प्रतिनिधी इकाइ चयन गरेर २०० जनसंख्याबाट १३२ लाई उद्देश्यमूलक नमूना छनोट विधि अवलम्बन गरी छनोट गरिएको छ । त्यसैले ९ देखि ४९ वर्ष उमेर समूहका १३२ महिनावारी हुने महिला तथा किशोरीहरू यस अध्ययनमा सहभागी गराइएको र उत्तरदाता पनि यिनै १३२ जना हुन् ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरू

कुनै पनि अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न तथ्याङ्क संकलन विधिहरू अवलम्बन गरिएको हुन्छ प्राथमिक र द्वितीय खालका स्रोतलाई आधार मानिएको हुन्छ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता अनुसूची, अवलोकन र व्यक्तिगत अध्ययनबाट सुचना संकलन गरिएको छ । अनुसन्धानकर्ताले अध्ययनलाई धेरै प्राथमिक स्रोतका आधारमा तथ्याङ्क संकलन गरिएको छ । प्रत्यक्ष अवलोकन गरी महिनावारी हुने ९ देखि ४९ वर्ष उमेर

समुहका महिलाहरू तथा किशोरीहरू सित अर्न्तवार्ता लिई सहभागीको समस्याहरू र अवस्थाका बारेमा जानकारी लिएको छ ।

#### क) अन्तरवार्ता अनुसूची

अन्तरवार्ता अनुसूची प्राथमिक तथ्याङ्क संकलनको एक विधि हो । प्राथमिक तथ्याङ्क संकलनका लागि व्यक्तिगत अन्तरवार्ताका माध्यमले महिनावारी हुने ९ देखि ४९ वर्ष उमेर समूहका महिलाहरू तथा किशोरीहरूसँग उद्देश्य अनुरूप आवश्यक प्रश्नहरूको संरचना तयार गरी अनुसन्धानकर्ता स्वयमले तथ्याङ्क लिइएको छ । तथ्याङ्क संकलन गर्दा बहुछनोट प्रश्नहरू र खुला प्रश्नहरू प्रयोग गरिएको छ । यसबाट महिनावारीले महिलाहरूको अवस्था र समस्याहरूका बारेमा जानकारी लिएको छ ।

#### ख) अवलोकन अनुसूची

प्राथामिक तथ्याङ्क र सार्न्दभिक जानकारी प्राप्त गर्न अवलोकन विधि लागु गरिएको छ । उत्तरदाताको जवाफबाट प्राप्त तथ्यको बाबजुद, शोधकर्ताले आफूले महिनावारी बस्ने स्थान, प्रयोग गर्ने सामग्रीहरू तथा समग्र अवस्था र समस्याको स्थीति बुझ्न अवलोकन विधी प्रयोग गरिएको छ । त्यसबारे समाजमा महिनावारी हुने महिलाको बानीव्यवहार र मानिसहरूको सामाजिक र सांस्कृतिक व्यवहार र महिनावारीप्रतिको आचारणको पनि अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ ।

#### ग) व्यक्तिगत अध्ययन

यसमा अध्ययनका लागि छनोटमा परेका महिलाहरूबाट पुन महिलाहरू छनोट गरी व्यक्तगत विवरण तयार गरिएके छ । यस अध्ययनमा महिनावारीको बेलामा भोग्नु परेका समस्याहरू र उनीहरूको अवस्थाका बारेमा ५ जना व्यक्तिगतरूपमा विवरण तयार गरिएको छ ।

## ३.६ आचार संहिता

निम्न आचार संहिता यस शोध अध्ययनका लागि प्रयोग गरिएको छ ।

क) पृथ्वी नारायण क्याम्पस, समाजशास्त्र विभागबाट औपचारिक अनुमति यस शोध गर्न लिइएको छ ।

ख) सम्बन्धित तथ्याङ्क र सहभागी महिला तथा किशोरीहरूको नाम तथा उनीहरूले उपलब्ध गराएको सुचनाहरू गोप्य राखिएको छ ।

ग) अन्तरवार्ता तथा प्रश्न उत्तर गर्दा सुचित सहमतिमा गरिएको थियो ।

घ) प्रस्तुत तथ्याङ्क व्यक्तिगत परियोजनको लागि प्रयोग नगरिएको र केवल अध्ययनको लागि मात्र प्रयोग गरिइएको छ र महिलाहरूको गोपनीयता कायम गरिएको छ ।

ङ) महिलाहरू तथा किशोरीहरूलाई यस अध्ययनमा सहभागी हुन कुनै धम्की वा ललाईफकाई गरिएको छैन ।

## ३.७ अनुसन्धानका मापदण्डहरू

### ३.७.१ समावेशी मापदण्डहरू

- महिला तथा किशोरीहरू ९ देखि ४९ उमेर समूहको हुनुपर्ने ।
- महिला तथा किशोरीहरूमा महिनावारी भएको हुनुपर्ने ।
- महिला तथा किशोरीहरू घाँटीपाटन क्षेत्रमा बसोबास गरेको हुनुपर्ने ।

### ३.७.२ बहिष्कारका मापदण्डहरू

९ देखि ४९ उमेर समूहका बाहेकका महिला तथा किशोरीहरूलाई समावेश गराईएको छैन ।

- शोधमा सहभागी नहुन चाहने महिला तथा किशोरीहरू ।
- शोधका बेला अनुपस्थित महिला तथा किशोरीहरू

## ३.८ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

अध्ययनसँग सम्बन्धित विभिन्न तथ्याङ्कहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरिएको छ । सामान्यतया संख्यात्मक प्रस्तुत गरिने तथ्याङ्कलाई साधारण तालिकामा संख्या र प्रतिशतको रूपमा व्याख्या गरिएको छ र उक्त तालिकाको आधारमा स्तम्भ चित्र वृत्त चित्रमा पनि प्रस्तुत गरिएको छ भने अन्य तथ्याङ्कहरूलाई व्याख्यात्मक रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

यस अध्यायमा अध्ययनका लागि महिला तथा किशोरीहरूको व्यक्तिगत तथा पारिवारिक विशेषताहरू लिइएको छ । यस शोध कार्यको अध्ययन समाजका महिलाहरूको सामाजिक अवस्था अन्तर्गत उमेर, समुह, जात, धर्म, वैवाहिक स्थिति, शैक्षिक योग्यता, परिवारको मुख्य पेसा तथा परिवारको कुल आय जस्ता व्यक्तिगत विवरणका साथै उनीहरूले भोगेका विभिन्न समस्याहरू र उनीहरूको अवस्था आदिको अध्ययनको तथ्याङ्क संकलन गरिएको छ । अध्ययनमा उत्तरदाताहरूको अवस्था र उनीहरूले महिनावारीमा भोग्ने समस्याको व्याख्या गर्ने क्रममा छनौटमा परेका १३२ जना महिलाहरूलाई बहुछनोट प्रश्नहरू र खुल्ला प्रश्नहरू सोधपुछका माध्यमबाट व्यक्तिगत अन्तरवार्ता लिएर उनीहरूको सर्वेक्षण गर्ने कार्य सम्पन्न गरिएको छ । उत्तरदाताहरूबाट प्राप्त गरिएको तथ्याङ्कलाई विभिन्न माध्यबाट प्रस्तुति व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

गण्डकी प्रदेश अन्तर्गत पोखरा महानगरपालिकाको वडा नं. १६ लामाचौर अन्तर्गत पर्ने क्षेत्रहरू मध्ये एक हो यस घाँटीपाटन क्षेत्र । विभिन्न छिमेकी क्षेत्रहरू बाँनिया थर डाँडाथोक, अमरदीप र तुलशीघाँट क्षेत्रबाट घेरीएको छ यस घाँटीपाटन क्षेत्र सांस्कृतिक, पुरातात्विक र प्राकृतिक सम्पदामा कमी भएपनि यस ठाउँ शैक्षिक क्षेत्रमा एउटा केन्द्रको रूपमा लिइन्छ किनभने यहाँ नेपालको दोस्रो ठुलो ईन्जीनेरीङ कलेज पश्चिमाञ्चल ईन्जीनेरीङ कलेज अवस्थित छ । भौतिक पूर्वाधार तथा बाटोहरूले सुसज्जित यस ठाउँ प्रस्तावित् माछापुच्छ्रे राजमार्गको वरीपरि अविस्थित छ । जनसंख्या घरधुरी र शैक्षिक साक्षारताको अवस्थाका अवस्था यस क्षेत्रमा छिमेकी क्षेत्रको भन्दा केही बढी छ । क्षेत्री, बाहुन, गुरुङ, मगरजस्ता जातजातीहरू बसोबास गर्ने गर्दछन् । हरेक घरधुरीमा प्राय सदस्य शिक्षित तथा विभिन्न व्यवसायमा आवद्ध रहेको पाइन्छ । स्वास्थ्य शिक्षा, सरकारी सेवा आदि इत्यादी उपभोग गर्न यस क्षेत्रका मानिसलाई बिकट जिल्लाका दुर्गम गाउँमा जस्तो अप्ठ्यारो छैन । हरेक घर ढुङ्गा सिमेन्टले बनेको पाइन्छ । सबै घरमा शौचालय, धारा, विजुलीको राम्रो व्यवस्था छ । धार्मिक आस्थाका रूपमा यहाँ अधिकांश मानिसहरू हिन्

बौद्ध धर्म मान्दछन् भने यहाँ एउटा सरस्वती मन्दिर छ भने पानी पिउने बटुवाका र गाउँलेको तिर्खा र थकान मेटाउन सार्वजनिक चौतारा, धारा र प्रतिक्षालय पनि छ । महिलाहरू तथा किशोरीहरू शैक्षिक रूपमा योग्य भएपनि र विभिन्न विकासका पूर्वाधारहरू हुँदापनि महिनावारीका बेला गरिने अभ्यासहरू मूल्यमान्यता र विश्वासबाट यस क्षेत्रका महिलाहरू टाढा रहन नसकेकाले र उनीहरूले भोगेका समस्याहरू पत्ता लगाउन यो अध्ययन गरिएको हो ।

## ४.२ उमेर

कुनै पनि क्षेत्रको जनसंख्यामा उमेर एउटा महत्वपूर्ण सामाजिक तत्व हो । उमेरले विभिन्न कार्यमा भिन्नता ल्याउछ । उमेरकै आधारमा व्यक्तिको सामाजिक हैशियत निर्धारण हुन्छ । व्यक्तिको काम गर्ने समय, कामको प्रकार तथा निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेरले महिलाहरूको सामाजिक विकास, चेतना, रोजाइ, निर्णय गर्ने क्षमता, आर्थिक क्रियाकलाप जस्ता क्षेत्रमा प्रभाव पार्दछ । अध्ययनको सिमाभित्र रहेको माहिलाहरूलाई उमेरका आधारमा विभिन्न समूहमा वर्गीकरण गरी हेरिएको छ । जसलाई निम्न अनुसारको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.१ : उमेरका आधारमा उत्तरदाता**

| उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| ९–१३ | २ | १.५२ |
| १४–१८ | ३ | २.२८ |
| १९–२३ | ७ | ५.३० |
| २४–२८ | ८ | ६.०६ |
| २९–३३ | १२ | ९.०९ |
| ३४–३८ | १५ | ११.३७ |
| ३९–४३ | २५ | १८.९४ |
| ४४–४८ | २७ | २०.४६ |
| ४९ | ३३ | २५ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ४.१ ले उत्तरदाताहरू घाँटीपाटन क्षेत्रमा ९ देखि ४९ वर्ष सम्मका महिला तथा किशोरीहरू उल्लेख गर्दछ । उक्त क्षेत्रमा उत्तरदाताहरू अत्यधिक  उमेरसमूह ४९ मा २५% उत्तरदाताहरू पाइएको छ । भने आठौं र सातौं उमेरसमूहमा  क्रमशः ४४–४८ र ३९–४३ उमेरसमूहमा २०.४६ र १८.९४% पाईएको छ । त्यस्तै उक्त क्षेत्रमा उत्तरदाताहरू कम उमेर समूहहरू ९–१३ मा १.५२% उत्तरदाताहरू पाइएको छ ।

## ४.३ शिक्षा

मानव विकासको लागि शिक्षा अति नै महत्वपूर्ण आधार हो । शिक्षाले नै मानिसको चौतर्फी विकास गरेर जीवनलाई स्वावलम्बी, आत्मनिर्भर र आत्मविकास बढाउन सार्थक भूमिका खेल्दछ । अशिक्षा नै सबै समस्याको जड भएकाले शिक्षा विना त्यसमा पनि महिला शिक्षा विना देश विकासको कल्पना पनि गर्न सकिने छैन । संसारमा भएका विकास निर्माण तथा वैज्ञानिक चमत्कार शिक्षाकै कारण भएका छन् । त्यसैले शिक्षालाई हरेक क्षेत्रको आधारभूत आवश्यकता मानिन्छ । शिक्षा विना समुन्नत समाजको कल्पना गर्न सकिदैन । त्यसैले कुनै पनि समाजको वा त्यस समाजको कुनै पनि वर्ग विशेषको सामाजिक अवस्थाको पनि प्रमुख स्थान दिनुपर्दछ । नेपालको परम्परागत रुढीवादी सोचाईले गर्दा छोरीलाई शिक्षा दिनुपर्छ भन्ने धारण थिएन । अहिले ढिलै भएपनि छोरीलाई पनि शिक्षा दिनुपर्छ स्कूल पठाउन पर्छ भन्ने सोचाइको विकास भएको छ ।

उत्तरदाताहरूको शैक्षिक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : शैक्षिक स्थितिका आधारमा उत्तरदाता**

| शैक्षिक तह | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| लेखपढ गर्न जान्ने | १२ | ९.०९ |
| ५–१० कक्षासम्म | ५५ | ४१.६६ |
| १०–१२ कक्षासम्म | ३५ | २६.५१ |
| स्नातक | १८ | १३.६३ |
| स्नाकोत्तर | १२ | ९.०९ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ४.२ अनुसार अधिकांश उत्तरदाताले ५–१० कक्षासम्म पढ्दै गरेको वा पढेको जसको ४१.६६ प्रतिशत प्रतिनिधि गर्दछन् । त्यसपछि ११–१२ कक्षामा २६.५१% उत्तरदाताले पढ्दै गरेको वा पढेको पाईएको छ । त्यसैले अनपढ उत्तरदाताको ९.०९% छ ।

## ४.४ जातजाति

जात मानव सभ्यताको एक महत्वपूर्ण विशेषता हो । समाजमा जातिका आधारमा पेसा, सामाजिक सम्बन्ध व्यक्तिको हैसियत र भुमिका निर्धारण गरिएको छ । नेपाल एक बहुजातिय र बहुभाषी राष्ट्र हो जहाँ विभिन्न जातजातिहरू बसोबास गर्दछन् । नेपालको सन्दर्भमा उच्च जात र तल्लो जातमा मानिसहरू विभाजित गरिएको छ । समयको परिवर्तनसँगै जातजातिको दुरी पनि कम हुदै गएको पाइन्छ । यहाँको समाजमा क्षेत्री, ब्राहमण, गुरुङ्ग, मगर, नेवार, सार्की, दमाई, कामी रहेका छन् ।

**तालिका ४.३ : जातजातिका आधारमा उत्तरदाता**

| जात/जाति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | ४५ | ३४.०९ |
| ब्राहमण | ३२ | २४.२४ |
| गुरुङ्ग | २३ | १७.४२ |
| मगर | १८ | १३.६३ |
| नेवार | ६ | ४.५४ |
| सार्की | ५ | ३.७८ |
| दमाई | ३ | २.२७ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ४.३ अनुसार उत्तरदाताको जातिगत अवस्थाको बारेमा अध्ययन गर्दा सबै भन्दा बढी क्षेत्री ४५ जना अर्थात् ३४.०९ प्रतिशत उत्तरदाताहरू पाईएको छ भने द्वितीयमा ब्राहमण जाति २४.२४% पाइएएको छ । त्यस्तै नेवार, सार्की तथा दमाई उत्तरदाताको संख्या कम पाईएको छ ।

## ४.५ धर्म

कुनै पनि व्यक्ति तथा समाजको सोचाइको महत्वपूर्ण आधारको रूपमा उनीहरूको अवलम्बन गर्ने धर्मलाई लिन सकिन्छ । तसर्थ यस अध्ययनमा पनि अध्ययन क्षेत्रमा उत्तरदाताहरूले मान्ने विभिन्न धर्महरू तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : धर्मका आधारमा उत्तरदाता**

| धर्म | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ९२ | ६९.६९ |
| बौद्ध | २० | १५.१५ |
| क्रिश्चियन | ८ | ६.०६ |
| अन्य | १२ | ९.०९ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ४.४ अनुसार १३२ जना उत्तरदाता मध्ये ६९.६९% उत्तरदाताहरूले हिन्दू धर्म मान्दथे भने १५.१५% ले बौद्ध धर्म तथा ६.०६ प्रतिशत महिलाले क्रिश्चियन धर्म मान्ने तथा ९.०९ प्रतिशत उत्तरदाताले अन्य धर्म मान्ने पाइएको छ ।

## ४.६ वैवाहिक स्थिति

विवाह मानव संस्कृतिको एक अमूल्य रितिरिवाज हो जसले मानवजातिलाई एकअर्का बीच सम्बन्ध गाँस्दछ । यसले विवाहित जोडीमा अधिकार र दायित्वहरूले बाँध्ने गर्दछ । त्यस्तै यस समाजमा पनि महिलाको वैवाहिक स्थितिले महत्वपूर्ण स्थान राख्ने गर्छ जसले महिलाको अवस्थामा प्रत्यक्ष असर गर्नेगर्छ । तल तालिका ४.५ उत्तरदाताहरूको वैवाहिक स्थिति देखाइएको छ ।

**तालिका ४.५ : वैवाहिक स्थितिका आधारमा उत्तरदाता**

| वैवाहिक स्थिति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| अविवाहित | ८६ | ६५.१५ |
| विवाहित | ३५ | २६.५१ |
| सम्बन्ध विच्छेद | ६ | ४.५४ |
| अन्य | ५ | ३.७८ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ४.५ अनुसार ६५.१५ प्रतिशत उत्तरदाता अविवाहित तथा विवाहित उत्तरदाता २६.५१ प्रतिशत छ भने ४.५४ उत्तरदाता सम्बन्ध विच्छेद र अन्य अवस्थामा ३.७८ प्रतिशत उत्तरदाता छन् ।

## ४.७ परिवारको मुख्य पेशा

मुख्य पेशा भन्नाले परिवारले अपनाउने मुख्य काम बुझिन्छ । विभिन्न घरपरिवारले आफ्नो परिवारका सदस्यको लालनपोशन तथा घरचलाउनको निम्ति विभिन्न काम गर्दछन् । उत्तरदाताको परिवारको मुख्य पेशालाई तलको तालिका देखाईको छ ।

**तालिका ४.६ : परिवारको मुख्य पेशाका आधारमा उत्तरदाता**

| मुख्य पेशा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ५२ | ३९.३९ |
| व्यवसायी | ३० | २२.७२ |
| जागिरे | २७ | २०.४५ |
| वैदेशिक रोजगार | १२ | ९.०९ |
| श्रम | ६ | ४.५४ |
| अन्य | ५ | ३.७८ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

१३२ उत्तरदातामध्ये अधिकांश परिवारको ३९.३९ प्रतिशतको मुख्य पेशा कृषि पाईएको छ । २२.७२ व्यवसायी, २०.४५ प्रतिशतको जागिरे, ९.०९ प्रतिशतको वैदेशिक रोजगारी, ४.५४ प्रतिशतको श्रम भने ३.७८ प्रतिशत लुगा सिलाउने, टुरिष्ट गाइड आदि पाइएको छ ।

## ४.८ परिवारको मासिक कुल आय

समाजका विभिन्न इकाई मध्ये आर्थिक इकाई मानव जीवनको महत्वपूर्ण इकाई हो जसको आधारमा नै मानवीय समाज दिगो हुन्छ । व्यवहारिक सिपमूलक कार्यमा दक्षता प्राप्त गरेका मानव स्रोत समाजमा विद्यमान भएमा उच्चस्तरका आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । मानव जीवनका दैनिक क्रियाकलापहरूमा हरेक पक्षमा प्रभाव पार्ने आर्थिक पक्षले समुदायको सांस्कृतिक रीतिरिवाज, चालचलन र जीवनशैलीमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ । तलको तालिकामा परिवारको मासिक कुल आएको विवरण देखाइएको छ ।

**तालिका ४.७ : परिवारको मासिक कुल आयका आधारमा उत्तरदाता**

| मासिक कुल आय | उत्तरदाताको संख्या | प्रतिशत (%) |
|---|---|---|
| १०,००० भन्दा कम | २२ | १६.६६ |
| १०,०००–२०,००० | ४५ | ३४.०९ |
| २०,०००–३०,००० | ३५ | २६.५१ |
| ३०,०००–५०,००० | १७ | १२.८७ |
| ५०,००० भन्दा माथि | १३ | ९.८४ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ४.७ अनुसार अधिकांश परिवार ३४.०९ को मासिक कुल आय १०,००० देखि २०,००० छ भने केवल ९.८४ प्रतिशत मात्र ५०,००० भन्दा माथि आय गर्दछन् ।

## ४.९ पेशा

मान्छे बाँच्नका लागि आयआर्जन गर्न जरुरी हुन्छ । यस्तो आयआर्जन विभिन्न पेशामा लागेर गर्न सकिन्छ । हाम्रो देश एउटा अविकसित देश हो जहाँ पेशाको लागि दैनिक

रूपमा एउटा मात्र काम गरेर मात्र उसको जीविकोपार्जनको लागि कठिन हुन्छ । उदाहरणको लागि एउटै मानिसले कृषि सँगसँगै उसको व्यवसायी पनि गरिएको पाईन्छ । महिलाहरू घरचौकामा मात्र सिमित हनुपर्ने हाम्रो समाज विस्तारै खुलेर विभिन्न काम गरिरहेका छन् । तलको तालिकामा उत्तरदाताले अंगालेका विभिन्न पेशाहरू देखाईएको छ ।

**तालिका ४.८ : पेशाका आधारमा उत्तरदाता**

| पेशा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| विद्यार्थी | ६२ | ४६.९६ |
| कृषि | २४ | १८.१८ |
| घरगृहिणी | २० | १६.१६ |
| नोकरी | १० | ७.५७ |
| व्यापार | ८ | ६.०३ |
| अन्य | ८ | ६.०३ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ४.८ मा उत्तरदाता अधिकांश ४६.९६ प्रतिशत विद्यार्थी रहेको पाईएको छ । त्यस्तै १८.१८ प्रतिशत कृषि, घरगृहिणी १६.१६ प्रतिशत ७.५७ नोकरी, ६.०३ प्रतिशत प्यापार तथा अन्य पेशामा आवद्ध भएको पाईएको छ ।

# अध्याय पाँच


# महिनावारी सम्बन्धी ज्ञान र अभ्यासको विश्लेषण

## ५.१ महिनावारी अपनाउने

महिनावारीको ज्ञान र अभ्यासहरू हाम्रो समाजमा धार्मिक, सांस्कृतिक मूल्यमान्यताले बाँधिएका हुन्छन् जसले गर्दा महिनावारी भएका महिलाहरू वैज्ञानिक सत्यतथ्य र सरसफाई सम्बन्धी अभ्यासहरूबाट वञ्चित बनेको पाईएको छ । यसले गर्दा ती महिलाहरूले विभिन्न समस्याहरू भोग्नुपरेको छ । जसले उनीहरूको समग्र अवस्थामा असर पर्ने गरेको छ । यस अध्ययनले महिलाहरूमा महिनावारी सम्बन्धी ज्ञान र अभ्यासहरू बारे प्रष्ट पारेको छ ।

**चित्र ५.१**

**महिनावारी अपनाउने, नअपनाउनेका आधारमा उत्तरदाता**




चित्रमा ९०.०९ प्रतिशत उत्तरदाताले महिनावारीको समयमा महिनावारी अपनाउने र ९.९१% जतिले महिनावारी नअपनाउने पाईएको छ । उपरोक्त विवरणले के देखाउँछ भने यस क्षेत्रका ९०.०९% उत्तरदाताहरू अझै पनि महिनावारी आफ्नो मूल्य-मान्यता र विश्वार अनुसार मनाउछन् ।

## ५.२ महिनावारी हुँदा बस्ने स्थान (ठाउँ)

समाजमा उत्तरदाताहरू महिनावारीको समय विभिन्न ठाउँमा बस्ने गरेको पाईएको छ । केही महिलाहरू महिनावारीका बेला आफ्नो घरको छुट्टै कोठामा बस्ने गरेको पाइयो भने केही महिलाहरू महिनावारी हुँदा घरबाहिर खुल्ला स्थानमा बस्ने गरेको पाईयो ।

**तालिका ५.१ : महिनावारी हुँदा बस्ने स्थानको आधारमा उत्तरदाता**

| महिनावारीमा बस्ने स्थान | उत्तरदाताको संख्या | प्रतिशत (%) |
|---|---|---|
| घरभित्र छुट्टै कोठा | १०८ | ९१.६६ |
| घरबाहिर ⁄ खुल्ला | २ | १.३३ |
| अन्य | १० | ८.३३ |
| जम्मा | १२० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ५.१ अनुसार १२० महिनावारी अपनाउने मध्ये ९१.६६ प्रतिशत महिलाहरू महिनावारी घरभित्र बस्ने गरेको पाईएको छ भने १.६६ प्रतिशत महिला छुट्टै घरबाहिर ⁄ खुल्ला ठाउँमा बस्ने गरेको पाईएको छ । त्यस्तै ८.३३ प्रतिशत महिला अन्य जस्तै छिमेकीको घरमा, पशुगोठ, धन्सार आदिमा बस्ने गरिएको पाईएको छ ।

## ५.३ महिलाहरूको पहिलो महिनावारीको उमेर

पहिलो महिनावारी भन्नाले महिलाहरूमा शारीरिक परिपक्कता भएपछि हुने पहिलो महिनावारी बुझिन्छ । सामाजिक तथा स्वास्थ्यको दृष्टीकोणबाट यो महिलाको परिपक्कता तथा प्रजननको संकेत बुझिन्छ । महिलाहरू विभिन्न उमेरमा पहिलोचोटी महिनावारी हुने गर्छन् । पहिलो महिनावारीलाई विभिन्न बिषय जस्तै वातावरण, वंशाणुगत, खानेकुराले असर पार्दछ । उत्तरदाताको पहिलो महिनावार्रीको उमेर बारेमा निम्न अनुसार उल्लेख गरिएको छ ।

तालिका ५.२ : महिलाहरूको पहिलो महिनावारीको उमेरको आधारमा उत्तरदाता

| पहिलोचोटी महिनावारी भएको उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| ९ | २ | १.५२ |
| १० | ४ | ३.०३ |
| ११ | ७ | ५.३० |
| १२ | ४४ | ३३.३४ |
| १३ | ५५ | ४१.६७ |
| १४ | १२ | ९.०९ |
| १५ | ८ | ६.०६ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*


तालिका ५.२ अनुसार महिलाको प्रथम महिनावारी सामान्यतया ९ वर्ष देखि ४९ वर्षसम्म हुनेगर्छ । अधिकांश महिलाको प्रथम महिनावारी १३ वर्ष (४१.६७%) लगाएजस्तै ९ वर्ष (१.५२%) मा पनि हुने गरेको पाईएको छ ।

## ५.४ महिनावारी सम्बन्धी ज्ञान

नेपाली समाजमा महिनावारीलाई सामाजिक, धार्मिक मूल्यमान्यता ठानिन्छ । प्रायजसो किशोरीहरू तथा महिलाहरू महिनावारी बारे खुलेर बोल्न चाँहदैनन् । त्यसैले प्रथम महिनावारी हुनु अगाडी यस सम्बन्धमा ज्ञानको बारेमा सोधिएको प्रश्नमा निम्न उत्तर प्राप्त बिवरण वृत्तचित्र मार्फत देखाएको छ ।

चित्र ५.२

महिनावारी सम्बन्धी ज्ञानको आधारमा उत्तरदाता




चित्र ५.२ अनुसार ८१.०६% महिलाले प्रथम महिनावारी भन्दा पहिला महिनावारी बारे ज्ञान हासिल गरेका थिए भने १८.९४% ले त्यस सम्बन्धी ज्ञान पाएका थिएनन् ।

## ५.५ महिनावारी सम्बन्धी स्रोत

यस अध्ययनले ८१.०६ प्रतिशत महिलाले महिनावारी सम्बन्धी ज्ञान महिनावारी हुनुभन्दा पहिला नै हासिक गरेका देखाएको छ ।। महिनावारी सम्बन्धी ज्ञानको स्रोत, आमा, दिदीबहिनी, साथीसंगिनी, नातेदार, सञ्चार माध्यम, किताब भएको पाईउको छ । विद्यालयमा स्वास्थ्य शिक्षा, शिक्षकशिक्षिका तथा साथीसंगिनी बीचको कुराकानी र घरमा परिवारबीचको छलफलले महिनावारीबारे किशोरी तथा महिलाहरले ज्ञान हासिल गरेकोको पाईन्छ ।

**तालिका ५.३ : महिनावारी सम्बन्धी ज्ञानको स्रोतका आधारमा उत्तरदाता**

| **महिनावारी सम्बन्धी ज्ञानको स्रोत** | **उत्तरदाताको संख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| आमा | ६७ | ६२.६१ |
| साथीसंगीनी | १६ | १४.९५ |
| दिदीबहिनी | १५ | १४.०१ |
| सञ्चारमाध्यम र किताब | ६ | ५.६० |
| नातेदार | ३ | २.८० |
| जम्मा | १०७ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

महिनावारी सम्बन्धी ज्ञानको स्रोत १०७ उत्तरदाता जसले महिनावारी हुनु पहिले यसबारे ज्ञान पाईसकेका थिए । आमाबाट ६२.६१%, साथीसंगीनीबाट १४.९५%, दिदीबहिनीबाट १४.०१, सञ्चार माध्यम, किताबबाट ५.६० र नातेदार २.८०% क्रमैसँग । यसले के देखाउछ भने अधिकांश महिलाले महिनावारी बारेमा आफ्नो आमाबाट ज्ञान प्राप्त गर्दछन् ।

## ५.६ महिनावारी हुँदा प्रयोग गर्ने साधन

महिनावारी हुँदा महिलाहरूको शरीरबाट रगत बाहिर निस्कन्छ । यसको लागि विभिन्न साधनहरू प्रयोग गरेको पाइन्छ । कतिपयले धुनमिल्ने अथवा पुनप्रयोग गर्न मिल्ने कपडा त कतिले प्रयोग गरेर फाल्ने सेनीटरी प्याड प्रयोग गर्दछन् ।

**तालिका ५.४ : महिनावारी हुँदा प्रयोग गर्ने साधनको परिवर्तन गर्ने समयको आधारमा उत्तरदाता**


| **समय** | **उत्तरदाताको संख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| चाहे अनुसार | ५३ | ४०.१५ |
| चार घण्टा | ३८ | २८.७८ |
| छ घण्टा | ३२ | २४.२४ |
| १२ घण्टा | ९ | ६.८१ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ५.४ अनुसार प्राय उत्तरदाता ५३ (४०.१५) ले चाहेअनुसार महिनावारी हुँदा प्रयोग गर्ने साधनको परिवर्तन गर्दछन् भने ३८ (२८.७८%) महिलाले चार घण्टामा ३२ (२४.२४%) महिलाले छ घण्टामा र ९ (६.८१%) महिलाले १२ घण्टामा परिवर्तन गर्ने पाईएको छ ।

**चित्र ५.३**

**महिनावारी हुँदा प्रयोग गरिने साधनको आधारमा उत्तरदाता**




चित्र ५.३ अनुसार ८० जना उत्तरदाता (६१%) ले सेनेटरी प्याड महिनावारी हुँदा प्रयोग गरेको पाईयो भने सफा पुनप्रयोग कपडा २४% (३२) जना र दुवै प्रयोग गर्ने १५% (२० जना) पाईएको छ ।

# अध्याय छ

# महिनावारीमा हुने समस्याहरूको विश्लेषण

महिनावारी सांस्कृतिक मूल्यमान्यता र अन्धविश्वासबाट प्रेरित भएको पाइन्छ । यसबेला महिलालाई अलग गराइन्छ, समाज र घरपरिवारबाट टाढा राखिन्छ, जसले गर्दा उनीहरूले विभिन्न समस्याहरू भोग्नुपर्छ । उनीहरूले स्वास्थ्य, शैक्षिक, धार्मिक र सामाजिक तथा सुरक्षाको समस्याहरू भोग्नुपर्छ । यसले गर्दा उनीहरूको अवस्था भयानक र डरलाग्दो हुने गर्दछ ।

## ६.१ स्वास्थ्य समस्या

महिनावारीमा महिलाहरूले भोग्नुपर्ने मुख्य समस्या भनेकै स्वास्थ्य समस्या हो । यसबेला महिलाहरूमा टाउको दुख्ने, ढाड र तल्लो पेट दुख्ने, पिसाब गर्दा समस्या हुने, धेरै रगत बग्ने जस्ता समस्या देखा पर्ने गर्दछ । तलको तालिकामा अध्ययनका क्रममा महिनावारीका बेला देखिएका विभिन्न स्वास्थ्य समस्याहरू प्रष्ट पारिएको छ ।

**तालिका ६.१ : स्वास्थ्य समस्याको विवरण**

| स्वास्थ्य समस्याहरू | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| ढाड र तल्लो पेट दुख्ने | ४२ | ३१.८१ |
| टाउको दुख्ने | २८ | २१.२१ |
| केही हुँदैन | २४ | १८.१८ |
| धेरै रगत बग्ने | २१ | १५.९० |
| पिसाब गर्दा समस्या | १७ | १२.२८ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ६.१ अनुसार महिनावारी हुँदा अत्याधिक (३१.८१) लाई ढाड र तल्लो पेट दुख्ने स्वास्थ्य समस्या हुन्छ । त्यसैगरी २१.२१ प्रतिशतमा टाउको दुख्ने, १८.१८ प्रतिशतमा केही समस्या नदेखिएको पाईएको छ, १५.९० प्रतिशतमा धेरै रगत बग्ने, १२.२८ प्रतिशतमा पिसाब गर्दा समस्या र शारीरिक समस्या बाहेक यसबेला महिलाहरूमा मानसिक समस्याहरू

पनि देखिने गर्छ । मानसिक समस्याहरू जस्तै एक्लोपन, उदासीपन, निन्द्रा नलाग्नु, कुनै पनि कुरा वा काममा रूचि नलाग्नु आदि देखिने गर्छ । तलको तालिकामा महिनावारीमा अध्ययन क्षेत्रमा भोगेका मानसिक सस्याहरू बारे प्रष्ट पारिएको छ ।

**तालिका ६.२ : मानसिक समस्याको विवरण**

| मानसिक समस्या | उत्तरदाताको संख्या | प्रतिशत (%) |
|---|---|---|
| एक्लोपन | ४६ | ३४.४८ |
| कुरा वा काममा रूचि | ३२ | २४.२४ |
| उदासीपन | २८ | २१.२१ |
| निन्द्रा नलाग्ने | १८ | १३.३६ |
| केहि नहुने | ८ | ६.०६ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*


तालिका ६.२ अनुसार अधिकांश महिनावारी हुने महिलामा एक्लोपन (३४.४८%) देखिने गर्छ, त्यस्तै कुरा वा काममा रूचि नलाग्ने (२४.२४%), उदासीपन (२१.२१%) र निन्द्रा नलाग्ने (१३.३६%) जस्ता मानसिक समस्या देखा पर्ने पाईएको छ । ६.०६ प्रतिशत महिनावारी महिलामा महिनावारीको बेला केहि पनि मानसिक समस्या नपाईएको छ ।

## ६.२ शिक्षामा समस्या

महिनावारी हुँदा महिलाहरू आफ्नो शैक्षक गतिविधिलाई अघि बढाउन सक्दैनन् । उनीहरू आफ्नो शैक्षिक स्थानमा अनुपस्थिति हुने गरेको पाइन्छ । गापेनियता भंग हुने र पुरुष साथीहरूले आफुलाई जिस्काउने डरलृ किशोरीहरू महिनावारी अवस्थामा विद्यालय नजाने वा शैक्षिक संस्थामा अनुपस्थिति हुने गरेको पाईएको छ । विद्यालयमा शौचालयमा सेनेटरी प्याडको अभाव शौचालय सरसफाई कमी हुने यसको मुख्य कारण हो । यसले गर्दा महिला तथा किशोरीहरूले विद्यालयमा अनुपस्थिति हुने समस्या देखिएको छ भने कतिले यही कारणले पढाई छाडेका पनि छन् । तलको गोल चित्रले महिनावारीमा महिलाहरूको शैक्षिक संस्थामा अनुपश्थिति हुनेबारे प्रष्ट पारेको छ ।

चित्र ६.१

**महिनावारीमा महिलाहरूको शैक्षिक संस्थामा अनुपस्थितिको विवरण**





चित्र ६.१ अनुसार ५९% महिलाले महिनावारीमा शैक्षिक संस्थामा उपस्थित जनाउँदै आफ्नो पढाईलाई निरन्तरता दिन्छन् भने ३३% महिलाले महिनावारीको समयमा अनुपस्थिति जनाउँछन् भने ८% महिलाले कहिलेकाँही महिनावारीमा शैक्षिक संस्थामा अनुपस्थिति भएको पाईएको छ । उक्त अध्ययनमा १२० जना शैक्षिक संस्थामा अध्ययनरत महिला सहभागी थिए ।

## ६.३ धार्मिक समस्या

महिनावारी विभिन्न धार्मिक मूल्यमान्यता तथा अन्धविश्वासहरू मानिन्छ । यसबेला महिलाहरूलाई अशुद्ध अछुत र प्रदुषितको संज्ञा दिईन्छ र धार्मिक पुजापाठ तथा धार्मिक स्थानमा प्रवेश रोक लागाईएको छ । तलको चित्रमा महिलाहरूले धार्मिक कार्य गर्ने वा नगर्ने बारे स्तम्भ चित्रद्वारा प्रष्ट पारिएको छ । वैज्ञानिक आधारलाई महिला तथा समाजका व्यक्तिहरू मात्र प्रष्ट गर्न नसक्दा यस्ता धार्मिक कुरिती र संस्कृति महिनावारीमा अझै यथावत छन् ।

चित्र ६.२

धार्मिक समस्याहरूको विवरण




वृत्त चित्र अनुसार १३२ उत्तरदाता मध्ये ७० प्रतिशत किशोरी तथा महिला महिनावारीमा धार्मिक स्थानमा नजाने तथा पूजापाठ नगर्ने पाईएको छ भने ३० प्रतिशत किशोरी तथा महिला महिनावारीको समयमा पूजापाठ गर्ने तथा धार्मिक स्थानमा जाने गरेको पाईएको छ ।

## ६.४ सामाजिक समस्या

महिनावारीमा महिलालाई अक्षुत, अशुद्धको संज्ञा दिनेगरिन्छ र उनीहरूलाई परिवारबाट अलग गराई विभिन्न स्थानमा राखिन्छ । यसले महिलाहरू बलात्कार, शारीरिक दुर्व्यवहार, चोरी आदि जस्ता समस्याको शिकार हुनेगछन । तलको तालिकाले महिलाले महिनावारीमा भोगेका सामाजिक समस्याको बारेमा प्रष्ट पारिएको छ ।

**तालिका ६.३ : सामाजिक समस्याको विवरण**

| सामाजिक समस्या | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| केही भएको छैन | ९० | ६८.१८ |
| शारीरिक दुर्व्यवहार | २८ | २१.२१ |
| चोरी | १२ | ९.०९ |
| बलात्कार | २ | १.५१ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ६.३ अनुसार ६८.१८ प्रतिशत महिलालाई महिनावारी भएको बेला केही सामाजिक समस्या भएको छैन, २१.२१ प्रतिशत शारीरिक दुर्व्यवहार, ९.०९ प्रतिशत चोरी र १.५१ प्रतिशत बलात्कार जस्ता समस्याबाट महिलाहरू उक्त क्षेत्रमा अध्ययनका क्रममा पाईएको छ ।

## ६.५ सुरक्षाको समस्या

महिनावारी हुँदा मानवबाट मात्र सुरक्षित नभई महिलाहरू जनावरको आक्रमणमा पर्ने गर्छन् । उनीहरू महिनावारीमा अलगगई बस्नुपर्ने कारण सर्पको टोकाई, किराफट्याङ्ग्राको टोकाई तथा जंगली जनावर तथा घरपालुवा जनावरको आक्रमणबाट बँच्नुपर्ने हुन्छ । तलको तालिकामा उक्त अध्ययन क्षेत्रमा महिनावारी मा महिलाले भोगेका सुरक्षाको समस्या देखाईएको छ ।

**तालिका ६.४ : सुरक्षा समस्याको विवरण**

| सुरक्षा समस्या | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| केही भएको छैन | १०७ | ८१.०६ |
| किराफट्याङ्ग्राको टोकाई | १८ | १३.६३ |
| जनावरको आक्रमण | ५ | ३.७८ |
| सर्पको टोकाई | २ | १.५३ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ६.४ अनुसार १३२ उत्तरदाता मध्ये अधिकांश ८१.०६ प्रतिशत महिलाले केही घटना नभएको बताएको पाईएको छ । त्यस्तै १३.६३ प्रतिशत किराफट्याङ्ग्राको टोकाई, ३.७८ प्रतिशत महिला जनावरको आक्रमणका र १.५३ प्रतिशत सर्पको टोकाईको शिकार भएको पाईएको छ । उक्त अध्ययनले अधिकांश महिला सुरक्षित देखिए पनि केही महिलाहरू अझैपनि असुरक्षित छन् ।

## ६.६ अवलोकनबाट प्राप्त विवरण

अवलोकनका क्रममा उक्त क्षेत्रको महिनावारीमा बस्ने स्थानको अवस्था, सरसफाईको स्थिति तथा उनीहरूको बानीव्यहोराबारे पनि अध्ययन गरिएको थियो । उक्त

अवलोकनको क्रममा सरसफाई, तथा महिनावारीमा बस्ने स्थानको बारेमा पनि समस्या देखिएको थियो ।

### ६.६.१ सरसफाइको अवस्था

महिनावारीमा महिलाले सरसफाईमा धेरै ध्यान दिनुपर्ने हुन्छ किनभने यसले उनीहरूको स्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ । अध्ययन स्थलको अवलोकनको क्रममा पाईएको सरसफाईको विवरणमा तलको तालिकामा देखाईएको हुन्छ ।

**तालिका ६.५ : सरसफाइको विवरण**

| सरसफाईको अवस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| ठीक | ७० | ५३.०३ |
| राम्रो | ४२ | ३१.८१ |
| नराम्रो | २० | १५.१५ |
| जम्मा | १३२ | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

अवलोकनको क्रममा उक्त क्षेत्रमा १३२ उत्तरदाता मध्ये ५३.०३ प्रतिशतमा सरसफाई ठीकै, ३१.८१ प्रतिशतमा राम्रो भने १५.१५ प्रतिशतमा नराम्रो सरसफाईको अवस्था पाईएको छ ।

### ६.६.२ महिनावारीमा बस्ने स्थान

महिनावारीमा बस्ने स्थानमा प्रयाप्त रूपमा उज्यालो, बत्तीको व्यवस्था, खानेपानी, शौचालय तथा झ्यालढोका र झ्याल ढोकामा चुकुलको बारेमा अवलोकन गरिएको छ ।

**तालिका ६.६ : महिनावारीमा बस्ने स्थानको अवस्थाको विवरण**

| महिनावारी | उत्तरदाताको संख्या | प्रतिशत (%) |
|---|---|---|
| ठीकै | ७७ | ६४.१६ |
| राम्रो | ३८ | ३१.६६ |
| नराम्रो | ५ | ४.१६ |
| जम्मा | १२० | १००.० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

तालिका ६.६.२ अनुसार ६४.१६ प्रतिशत महिलाको महिनावारीमा बस्ने स्थान ठीकै पाईएको छ । त्यस्तै ३१.६६ प्रतिशत महिलाको राम्रो र ४.१६ प्रतिशत महिलाको नराम्रो महिनावारीको बेला बस्ने स्थान पाईएको छ ।

### ६.६.३ वैयक्तिक अध्ययन

**वैयक्तिक अध्ययन-१**

वैयक्तिक अध्ययन १ की कमला थापा (नाम परिवर्तन), उत्तरदाताले आफ्ना तितो अनुभव सुनाईन् । म अहिले १६ वर्षकी भएँ र म पोखरा लामाचौर घाँटीपाटनमा बसोबास गर्छु । म प्रथम पटक महिनावारी हुँदा १३ वर्षकी ा थिएँ । महिनावारीका बारेमा मैले मेरी आमाबाट महिनावारी हुँदा भन्दा पहिला नै थाहा पाएकी थिएँ । तर जब मलाई पहिलोचोटी महिनावारी भएको थियो त्यसबेला म निकै डराएकी र आत्तिएकी थिएँ । म निकैं अत्तालिएकी थिएँ कसलाई भनु के गरौं भनी । अनत्यमा मैले मेरी आमालाई मेरो प्रथम महिनावारीका बारेमा भने त्यसपछि उहाँले मलाई बाथरूपमा लुकेर बस्न भन्नुभो जबसम्म उहाँले मलाई राख्ने ठाउँको नै बन्दोबस्त गर्नुहुन्छ । पछि मेरी आमाले छिमेकीको घरमा मलाई लगेर राख्नुभो । उहाँले मलाई कोठामा नै बस्नु र सूर्यलाई नहेर्नु अथवा कुनै पुरुषलाई पनि नहेर्नु भन्नुभो । मलाई कुनै कुरा छुन र हरेक दिन बिराएर नुहाउनु भन्नुभो । मलाई साह्रै नरमाइलो लाग्यो आफ्नो घरपरिवारबाट टाढा छिमेकीकोमा बस्नुपर्ने र आफ्नो परिवारलाई देख्न नपाउँदा । मलाई १३ दिनको दिनमा घरमा फेरी प्रवेश गराईयो । मेरो प्रथम महिनावारी देखि मैले केही सामाजिक अवरोधको सामना गरे । मलाई महिनावारीमा धार्मिक स्थानमा प्रवेश गर्न र पूजापाठ गर्न दिईएनन् । कुनै सामाजिक क्रियाकलापमा भाग लिने महिनावारीमा दिईएन । मैले चाहेको खानेकुरा पनि खान पाईन । मेरी आमाले मलाई केरा, मेवा, गाईको दूध खान दिनुहन्न । पहिला पहिला त म महिनावारीमा विद्यालय जाने थिईन तर अहिले नियमित विद्यालय जान्छु । मेरो महिनावारी सामान्यता ३-४ दिनसम्म रगत बग्ने गर्छ र म सेनेटी प्याड प्रयोग गर्दछु । यो समयमा मलाईं बेलाबेलामा पेट तथा ढाड दुख्ने समस्या र एक्लोपनको महसुस हुनेगर्छ । यसले गर्दा मेरो नियमित कार्यमा असर गर्दछ ।

## वैयक्तिक अध्ययन–२

वैयक्तिक अध्ययन २ की रुविना मगर (नाम परिवर्तन) उमेर २६, उत्तरदाताले आफ्नो दुखेसो सुनाईन् । हरेक महिना महिनावारीको बेलामा आफ्नै घरमा म छुट्टै कोठामा बस्नुपर्छ । म भगवानलाई मनमनैं सोध्ने गर्दथे किन भगवानले महिनावारीमा यतिसम्म तनाव दिएका हुन् भनेर । घरमा छुट्टै कोठामा बस्दा उक्त कोठामा प्रयाप्त उज्यालो नहुने, बढी चिसो हुने, सरसफाईको कमी हुने र जाडो याममा निकैं चिसो हुन्छ । त्यसबेला मलाई परिवारका सदस्यले फोहोरी र अशुद्धको संज्ञा दिने गर्छन् र खानेकुरा पनि छुट्टै थालमा नछोइकन दिन्छन् । म यसमा एउटा तितो घटना सुनाउछु, एकदिन म महिनावारीका बेला सार्वजनिक धारा प्रयोग गर्न गएकी थिँए । त्यसबेला मलाई गाउँले र परिवारका सदस्यले सार्वजनिक धारा अशुद्ध बनाएको भनी गाली गर्न थाले । तर पछि म अबबाट महिनावारी हुँदा सार्वजनिक धारा प्रयोग नगर्ने भनेपछि मलाई सबैले माफ गरिदिए । गाउँका मान्यजन तथा समाजका अन्य व्यक्तिले उक्त धाराबाट पानी प्रयोग गर्न कैयौं समयसम्म आनाकानी गरे । मलाई विवाहपछि यो अवस्था बदल्ने छ भन्ने आशा छैन । किनभने मेरो आफ्नै परिवारको पनि महिनावारीमा मलाई साथ छैन भने जबकी हामी उनीहरूकै छोरी, दिदीबहिनी हौं । पछि गएर सासुले मलाई साथ दिन्छीन् भन्ने मलाई विश्वास लाग्दैन। नेपाली समाजमा बुहारीलाई दोस्रो दर्जा दिइन्छ । यो सबै घटना हुनुमा यो पारमपारिक विश्वास, अन्धविश्वास र खराब अभ्यासहरू हुन् ।

## वैयक्तिक अध्ययन–३

म राधा गौतम (नाम परिवर्तन), उमेर १५ वर्षकी भएँ ॥ म अहिले श्री ईन्द्र राज्यलक्ष्मी उच्च मा.वि.मा कक्षा नौं मा अध्ययनरत छु । मेरो घर लामाचौर घाँटीपाटन हो । मेरो बुबा रोजगारीको निम्ति जापान जानुभएको छ । मेरो एकजना सानो भाई छ र ऊ हाम्रै विद्यालयमा पाँच कक्षामा पढ्नेगर्छ । मैले महिनावारीको बारेमा पहिला मेरा साथीसङ्गिनीबाट थाहा पाएकी हुँ । मलाई महिनावारीमा खासै समस्या हुँदैन र म यसका मूल्यमान्यता मान्दिन । तरपनि महिनावारीको बेला म मन्दिर जान्न र पूजापाठ पनि गर्दिन । म महिनावारी भएको बेला दिनको दुईपटक नुहाउँछु । म आफैलाई त्यसबेला सरसफाईको कमी भएजस्तो लाग्छ । म सेनेटरी प्याडको प्रयोग गर्छु र प्रत्येक छ घण्टामा यसलाई फेर्ने गर्छु । म यो समयमा नियमित विद्यालय जान्छु । मलाई अलिअलि टाउको दुख्ने समस्या हुन्छ म घरमा बनेको खानेकुरा खान्छु र मलाई खानेकुरामा कुनै बन्देज छैन । म

महिनावारीमा घरको छुट्टै कोठामा बस्छु र मलाई एकचोटी किराफट्याङ्ग्राले छुट्टै बस्दा टोकेको पनि थियो ।

**वैयक्तिक अध्ययन-४**

यी उत्तरदाता, सपना परियारले (नाम परिवर्तन), उमेर ३२, आफ्नो एउटा घटना सुनाइन् । उनको घरअगाडी एउटा नागको थान रहेछ जहाँ उनका परिवारले हरेक पूजापाठ गर्दा रहेछन् । उनले भनिन् एकदिन महिनावारीको बेला मेरी बहिनीले झुकिएर त्यहाँ छोएकी रहिछन् जबकी त्यहाँ हामीलाई यो बेला प्रवेश गर्न रोक लगाईएको छ । त्यसपछि हाम्रो घरको प्रवेश द्वारमा एउटा ठूलो सर्प आयो । मेरो आमाले बिहान बहिनीले नागथान छोएको देख्नुभएको रहेछ । ठूलो सर्प देखेपछि आमाले बहिनीले गर्दा यस्तो अनिष्ठ भयो र बहिनीलाई गाली गर्नुभो । उहाँले धूप बाली नागथानमा पूजा गर्नुभो  त्यसबेला उक्त सर्प भागिसकेको थियो र बिलायो । त्यस घटनापछि हामी महिनावारीमा कहिल्यै मन्दिर वा कुनै धार्मिक, सामाजिक कार्यमा सहभागी हुदैनौं ।

**वैयक्तिक अध्ययन-५**

म निशा गुरुङ (नाम परिवर्तन) हुँ । म मेरो परिवारको दोस्रो छोरी हुँ । मेरा एउटी बहिनी र एक भाई छन् । मेरो बुबा सरकारी जागिर गर्नुहुन्छ भने मेरी आमा घरगृहस्ती सम्हाल्नुहुन्छ । हामी क्रिश्चियन धर्म मान्ने गर्छौं । हामी हाम्रो धर्ममा महिनावारीलाई प्राकृतिक घटना मान्छौं । त्यसैले हामी महिनावारी अपनाउँदैन त्यसैले हाम्रो परिवारले महिनावारीको धार्मिक, सांस्कृतिक मूल्यामान्यता मान्दैनौं । हामी हरेक शनिवार चर्चमा गई पूजापाठ गर्छौं चाहे ममा महिनावारी नै किन नहोस् । मलाई महिनावारीमा भान्छा पस्न र खानेकुरा खान कुनै रोक छैन । तर महिनावारीमा मलाई शारीरिक समस्या जस्तै तल्लो पेट, ढाड दुख्ने हुन्छ र मलाई आलस्यता पनि हुन्छ । यस्तो समस्याले कहिलेकाहीँ मेरो विद्यालयमा म अनुपस्थित हुन्छु । म महिनावारीमा सेनेटरी प्याड प्रयोग गर्छु र चाहेअनुसार यसको परिवर्तन गर्छु ।

# अध्याय सात

# सारांश, मुख्य प्राप्ति, निष्कर्ष तथा सुझावहरू

## ७.१ सारांश

यो शोधपत्र गण्डकी प्रदेश,पोखरा महानगरपालिका, वडा नं. १६ अन्तर्गत लामाचौर, घाँटीपाटन क्षेत्रमा बसोबास गर्ने महिला तथा किशोरीहरूको महिनावारीको अवस्था र उनीहरूले भोग्ने समस्याहरू के-के हुन्, समाजले हेर्ने दृष्टीकोण कस्तो छ, महिनावारी कायम रहनुको धार्मिक, सामाजिक कारणहरू के-के छन्, महिनावारीको बारेमा यस क्षेत्रका महिलाहरूको धारणा के छ, महिनावारीको प्रक्रिया के हो, सामाजिक क्रियाकलापमा यस क्षेत्रमा महिलाहरूको सहभागिता कस्तो छ भन्ने जस्ता समस्यामा केन्द्रित रहेर अध्ययन गरिएको छ । यस शोध यहाँका महिलाहरूको महिनावारी सम्बन्धि ज्ञान र उनीहरूले गर्ने अभ्यासहरू पत्ता लगाउने उद्देश्यमा आधारित रहेर तयार पारिएको छ । यो एउटा सानो क्षेत्रमा गरिएको अध्ययन भएकाले यसबाट प्राप्त परिणाम तथा निषकर्षहरू नेपालका सबै ठाउँमा सामान्यीकरणमा लागु नहुन पनि सक्छन् । यद्यपि यसबाट प्राप्त सुचनाहरूले यससँग सम्बन्धित सबै पक्षलाई सहयोग भने अवस्य गर्ने छ ।

यस अध्ययन महिलावादी सिद्धान्त, लैङ्गिक दमनको सिद्धान्त र पुरुष प्रधान सामन्ती नेपाली समाज र लैङ्गिक विभ्दको सिद्वान्तबाट निर्देशित छ । यस शोधकार्यमा वर्णानात्मक र अन्वेषणात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । यस शोधकार्यमा प्राथमिक स्रोत जस्तै अवलोकन, अन्तरवार्ता, वैयक्तिक अध्ययन जस्ता विधिहरू प्रयोग गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत महिनावारीका बारेमा जानकारी दिने विभिन्न पुस्तकहरू शोधपत्रहरू, पत्रपत्रिका, लेखरचना आदिका प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । साथै यस अध्ययनको प्रतिनिधी समग्रमा २०० जनसंख्याबाट १३२ जना ९-४९ वर्ष उमेर समूहका महिनावारी हुने महिला तथा किशोरीहरूलाई उद्देश्यमूलक नमूना छनोट विधी अवलम्बन गरी अन्तरवार्ता गरिएको छ । संकलन गरिएका तथ्याङ्कहरूलाई विश्लेषण गरी आवश्यकता अनुसार तालिका, वृत्र चित्र, स्तम्भ चित्र आदिमा प्रस्तुत गरिएको छ ।

## ७.२ मुख्य प्राप्ति

- अध्ययन क्षेत्रका उत्तरदाताहरूको सम्बन्धमा अध्ययन गर्दा यस क्षेत्रमा विभिन्न जातजाती तथा धर्मसंस्कृतिको महिला तथा किशोरीहरू बसोबास गरेको पाईयो ।
- महिलालाई अझैपनि महिनावारीको बेला अछुत, अशुद्ध र फोहोरीका रूपमा अनुवाद गरिन्छ ।
- अधिकांश उत्तरदाताको (९०.०९%) ले महिनावारी अपनाउने पाईएको छ भने बाँकीले नअपनाउने पाईएको छ ।
- अधिकांश महिला महिनावारी भएको बेला (९१.६६%) घरभित्र नै छुट्टै कोठामा बस्ने गरेको पाईएको छ ।
- अधिकांश महिलाले (४१.६७%) पहिलो चोटी महिनावारी १३ वर्षको उमेरमा भएका थिए ।
- ८१.०६% महिलाले महिनावारी हुनुपूर्व यस सम्बन्धी ज्ञान हाँसिल गरेका थिए भने तिमध्ये ६२.६१% ले आफ्नो आमाबाट त्यस सम्बन्धी ज्ञान पाएका थिए ।
- प्रायः उत्तरदाता (६०.६०%) ले महिनावारीमा सेनेटरी प्याड प्रयोग गर्ने गरेको पाईएको छ भने ४०.१५% महिलाले महिनावारीको बेला रगत शोस्ने साधन परिवर्तन गर्ने गरेको पाईएको छ ।
- अधिकांश महिलालाई (३१.८१%)महिनावारीमा ढाड र तल्लो पेट दुख्ने समस्या पाईएको छ भने २१.२१% लाई टाउको दुख्ने समस्या पाईएको छ । त्यस्तै महिनावारी ३४.४८ प्रतिशत महिलालाई एक्लोपन, मानसिक समस्याले सताउँछ ।
- अधिकांश उत्तरदाता (५८.८३%) महिनावारीमा शैक्षिक संस्थामा उपस्थिती जनाउने पाईएको छ ।
- ७० प्रतिशत उत्तरदाता महिनावारीको बेला धार्मिक स्थानमा नजाने र पूजापाठ नगर्ने पाईएको छ ।

- अधिकांश महिलाहरू (६८.१८%) लाई यस क्षेत्रमा केही सामाजिक समस्या नभएको पाईएको छ भने बाँकी शारीरिक दुर्व्यवहार, चोरी र बलात्कारको शिकार हुनपरेको छ ।
- अवलोकनका क्रममा ३१.८१% महिलाको महिनावारीमा सरसफाईको अवस्था राम्रो पाईएको छ भने अधिकांशको ५३.०३ प्रतिशतको ठीकै र १५.१५ प्रतिशतको नराम्रो पाईएको छ ।
- महिनावारीमा बस्ने स्थानको अवस्थामा अधिकांश महिला (६४.१६) प्रतिशतको ठीकै मात्र पाईएको छ ।

## ७.३ निष्कर्ष

यस अध्ययनले गण्डकी प्रदेश, पोखरा महानगरपालिका, वडा नं. १६ अन्तर्गत लामाचौर, घाँटीपाटन क्षेत्रका महिलाहरूले महिनावारीमा भोग्नुपर्ने समस्याहरूका बारेमा र उनीहरूको अवस्थाका बारेमा विश्लेषण गर्न र पहिचान गर्न महत्वपूर्ण अध्ययन गरेको छ । विभिन्न सांस्कृतिक मूल्यमान्यताहरू, सामाजिक विकृति र अन्धविश्वासका माध्यमले महिनावारीको निरन्तरता पाईरहेको छ । यसबेला महिलाहरूलाई परिवार, नातेदार र समाजबाट अलग गराईन्छ । यसबेला महिलालाई घरमा पनि छुट्टै कोठा वा घरबाहिर राख्ने गरिन्छ । यस्तोबेला महिलाहरू असुरक्षित हुनेगर्छन् । उनीहरू विभिन्न घटनाहरू जस्तै बलात्कार, जनावरको आक्रमणको शिकार हने गर्छन् । यस्तोबेला उनीहरूले मानसिक र शारीरिक कठीनाई भोग्नुपर्छ ।

प्राय: महिनावारीमा महिलाहरूमा स्वास्थ्य समस्या देखापर्ने गरेको छ । स्वास्थ्यमा शारीरिक समस्या तर्फ ढाड, तल्लो पेट र टाउको दुख्ने समस्या पाईएको छ भने मानसिकतर्फ एक्लोपन र रूचि कम हुने पाईएको छ । सुरक्षा र शैक्षिक हिसाबले हेर्दा यस क्षेत्रका महिलामा महिनावारीमा खासै समस्या नपाईएपनि केहि प्रतिशत मात्र शैक्षिक संस्थामा अनुपस्थिती र असुरक्षित भएको पाईएको छ । सरसफाई र महिनावारीमा गरिने विभिन्न अभ्यासहरू अरु क्षेत्रजस्तो दर्दनाक र भयानक पाइएको छैन । केही प्रतिशत त्यस्ता अभ्यासहरू अझैंपनि यस क्षेत्रमा व्याप्त छन् ।

## ७.४ सुझावहरू

अध्ययनका आधारमा निम्न सुझावहरू सिफारिस गरिएको छ ।

- सरकारी तथा गैर सरकारी संघ संस्थाका नीतिहरू र कार्यक्रमहरू महिनावारीमा महिलाहरूले भोग्ने विभिन्न समस्याहरूप्रति लक्षित हुनुपर्दछ । र त्यस्ता नीतिनियम र कार्यक्रमहरू पनि व्यवहारमा राम्रोसँग लागु हुनुपर्छ ।
- शैक्षिक संस्थामा तथा काम गर्ने स्थानमा महिनावारी मैत्री शौचालयको निर्माण र वातावरणको विकास गर्नुपर्छ ।
- महिनावारीमा महिलालाई सामाजिक कार्यक्रममा सहभागी गराई विभिन्न धार्मिक तथा सांस्कृतिक परम्परालाई निरन्तर दिन जरुरी छ ।

# सन्दर्भ सामग्री


आचार्य, बलराम (२०६२), *लैङ्गिक अध्ययन, तृतीय संस्करण,* काठमाण्डौ : नेशनल बुक सेन्टर ।

एक्सन वर्क नेपाल तथा भेरी इन्भाइरोमेन्ट एक्सलेन्स संस्था (२०१७), *छाउपडी प्रथाले महिलाहरूको सामाजिक मूल्य, मान्यता, शिक्षा, नेतृत्व र विकासमा पारेको प्रभाव सम्बन्धी अनुसन्धान प्रतिवेदन*।

मुजुलो. वाई.पी. (२०११), *छाउपडी प्रथा : छाउपडी प्रथाको मूल्यमान्यताहरू ।*

सरगम, राज (२०७३), *छाउघर,* काठमाण्डौ : फाइनल प्रिन्ट बुक्स, विशालनगर ।

क्षेत्री, अञ्जु र डा. उप्रेती, अरुणा (२०७०), *छाउपडी प्रथा महिला अस्तित्व माथि प्रहार, अध्ययन प्रतिवेदन,* काठमाण्डौ : अस्मिता महिला प्रकाशन ।

Amatya, P., Ghimire, S., Callahan, K.E., Baral, B.K. & Poudel, K.C. (2018). Practice and lived experience of menstrual exiles (Chhaupadi) among adolescent girls in far-western Nepal. *Plos One*, 13(12).

Amgain, B. (2011). *Social dimension of chaupadi systems study from Achham District, Far West Nepal,* Social inclusion Research Fund (SIRF) SNV Nepal.

Bennett, L. (1983). *Dangerous wires and sacred sisters social and symbolic roles of high caste women in Nepal, USA:* Columbia University Press.

Farage, M.A., Miller, K.W. & Davis, A. (2011). Cultural aspects of menstruation and menstrual hygiene in adolescents. *Expert Review of Obstetrics and Gynecology*, 6(2), 127-139.

Joshi, S.K., Kharel, J., Mentee, M.V. & WHO, G. (2008). Violence against women in Nepal: An overview. *The Free Library*.

Khadka, N. (2014). *Chhaupadi pratha: Women's condition and suffering* (Doctoral dissertation, Central Department of Sociology/Anthropology, Tribhuvan University, Kritipur.

Kumar, A. & Srivastava, K. (2011). Cultural and social practices regarding menstruation among adolescent girls. *Social Work in Public Health*, 26(6), 594-604.

Ranabhat, C., Kim, C.B., Choi, E.H., Aryal, A., Park, M.B. & Doh, Y.A. (2015). Chhaupadi culture and reproductive health of women in Nepal. *Asia Pacific Journal of Public Health*, 27(7), 785-795.

Ritzer, G. & Goodman, D. (2001). Postmodern social theory. *Handbook of Sociological Theory*, 151-169.

Sridhar, N. (2019). *The sabarimala confusion: menstruation across cultures: a historical perspective*, Vitasta.

Thipaud-Rebaud, J. (2011). Monthly stigma: The practice of 'chhaupadi' in Nepal. *Ethics in Action*, 5(5), 1-36.

# अनुसूची १

## महिनावारीका लागि प्रश्नावली

१) सामाजिक जनसंख्ययिक जानकारी

- नाम : .........................................
- उमेर : ........................................
- जात : .........................................
- धर्म : .........................................

  क) हिन्दु ख) बौद्ध ग) क्रिश्चियन घ) अन्य
- वैवाहिक अवस्था

  क) विवाहित ख) अविवाहित ग) सम्बन्ध विच्छेद घ) अन्य
- शैक्षिक योग्यता : .........................
- परिवारको मुख्य पेशा ..................

  क) कृषि ख) व्यवसायी ग) जागिरे

  घ) वैदेशिक रोजगार ङ) श्रम च) अन्य
- परिवारको मासिक कुल आय .......................
- तपाईको पेशा

  क) विद्यार्थी ख) कृषि ग) नोकरी

  घ) व्यापार ङ) घरगृहिणी च) अन्य

२) महिनावारी सम्बन्धी ज्ञान र अभ्यासहरू

- महिनावारी अपनाउनु भएको छ ?

  क) अपनाउने ख) नअपानाउने
- महिनावारी हुँदा कहाँ बस्ने गर्नु भएको छ ?

  क) घरभित्रै छुट्टै कोठा ख) घरबाहिर खुल्ला ग) अन्य
- तपाई कति वर्षको उमेरमा पहिलोचोटी महिनावारी हुनुभयो ?

  .........................................................................................................

- महिनावारी सम्बन्धी ज्ञान कसरी पाउनुभयो ?

  क) आमा    ख) दिदीबहिनी    ग) साथीसंगिनी

  घ) नातेदार    ङ) सञ्चार माध्यम र किताब

- महिनावारी हुँदा के साधन प्रयोग गर्नु हुन्छ ?

  क) पुर्न प्रयोग गर्ने कपडा    ख) सेनेटरी प्याड    ग) दवै

- महिनावारी हुँदा प्रयोग गरेको वस्तु कति समयमा परिवर्तन गर्नुहुन्छ ?

  क) चार घण्टा    ख) छ घण्टा    ग) १२ घण्टा    घ) चाहे अनुसार

३) महिनावारीमा हुने समस्याहरू

- तपाईलाई महिनावारीमा शारीरिक समस्या हुन्छ ?

  क) टाउको दुख्ने    ख) ढाड र तल्लो पेट दुख्ने    ग) धेरै रगत बग्ने

  घ) पिसाब गर्दा समस्या    ङ) केही हुँदैन ।

- तपाईलाई महिनावारीमा मानसिक समस्या हुन्छ ?

  क) एक्लोपन    ख) उदासीपन    ग) निन्द्रा नलाग्ने

  घ) कुरा वा काममा रूचि कम हुने    ङ) केही हुदैन ।

- तपाई महिनावारीमा धार्मिक स्थानमा जानुहुन्छ र पूजापाठ गर्नुहुन्छ ?

  क) जान्छु    ख) जान्न

- तपाई महिनावारीमा सामाजिक समस्याहरू अथवा दुर्व्यवहार भोग्नुभएको छ ?

  क) बलात्कार    ख) शारीरिक दुर्व्यवहार    ग) चोरी    घ) केही भएको छैन

- तपाईलाई महिनावारीमा सुरक्षाको समस्या भएको छ ?

  क) सर्पको टोकाई    ख) किरा फट्याङ्ग्राको टोकाई

  ग) जनावरको आक्रमण    घ) केही भएको छैन ।

४) अवलोकनका क्रममा देखिएका समस्या सरसफाईको अवस्था

  क) राम्रो    ख) ठीक    ग) नराम्रो

- महिनावारीमा बस्ने स्थानको अवस्था

  क) राम्रो    ख) नराम्रो    ग) ठीक

# अनुसूची २

## अध्ययन सम्बन्धी चित्रहरू



चित्र नं. १. ईन्द्र राज्यलक्ष्मी उच्च माध्यमिक विधालय जहाँ घाँटीपाटनका किशोरीहरू पढ्ने गर्छन्



चित्र न. २ महिनावारीमा घर बाहिर बस्ने कोठामा बस्दै किशारी



चित्र न. ३ महिनावारीमामा सार्बजनिक धारामा लुगा धुदै महिला



चित्र नं. ४ गण्डकी प्रदेश पोखरा महानगरपालिका लामाचौर घाँटीपाटन क्षेत्र



चित्र नं. ५ गण्डकी प्रदेश पोखरा महानगरपालिका लामाचौर घाँटीपाटन क्षेत्रमा रहेको सरस्वती मन्दिर